**सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।**

**सार्वजनिक निकायले:**
- अनिवार्यरूपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहजरूपमा समयमैं उपलब्ध गराऔं,

**सूचना मागकर्ताले:**
- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

epprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ १० गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 23 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४६

## पर्सामा छ महीनामा ६७ जना कुष्ठरोगी फेला परे

प्रस, परवानीपुर, ९ माघ/

चालू आव २०८१/८२ को साउनदेखि पुस मसान्तसम्म पर्सा जिल्लामा ६७ जना कुष्ठरोगी फेला परेका छन् । स्वास्थ्य कार्यालय, पर्साले बुधवार आयोजना गरेको पत्रकारसँगको अभिमुखीकरण कार्यक्रममा सो जानकारी गराइएको हो ।

सो कार्यालयले मधेस प्रदेशका आठ जिल्लामा गत आव २०८०/८१ मा ८७४ जना कुष्ठरोगी परेको जानकारी गरायो । लेप्रोसी मिशन नेपालका चिकित्सक डा लोकेश्वर चौरसियाले कुष्ठरोगका विभिन्न आयामबारे कार्यपत्र प्रस्तुत गर्दै सो कुराको जानकारी गराएका थिए ।




उनले कुष्ठरोग सर्ने तरीका, बच्ने उपाय, मधेस प्रदेश र नेपालमा भएका कुष्ठरोगीको सङ्ख्या तथा अवस्थाका बारेमा जानकारी गराउनुका साथै रोग न्यूनीकरण गर्ने विषयमा जानकारी गराएका थिए ।

उनले कुष्ठरोगीहरूले रोगलाई लुकाएका कारण सङ्क्रमण बढ्दै गएको बताए । उनले रोग नलुकाएर स्वास्थ्य सेवा लिन सुझाए । उनले स्वास्थ्य सेवा लिनेहरू छ महीनादेखि एक वर्षको अन्तरालमा रोगमुक्त हुन सक्ने बताए । द लेप्रोसी मिशन नेपालले पुरुष कुष्ठरोगीका बारेमा सूचना दिनेलाई रु आठ सय र महिला तथा बालबालिका कुष्ठरोगीका बारेमा सूचना दिनेलाई रु १२ सय प्रोत्साहन भत्ता दिने गरेको बताए ।

कार्यक्रममा कुष्ठरोगी एवं द लेप्रोसी मिशन नेपालका कर्मचारी रामहरि रेग्मीले कुष्ठरोगबारेमा अनुभव सुनाएका थिए । स्वास्थ्य कार्यालय, पर्साका क्षय तथा कुष्ठरोग अधिकृत विनोद झाको अध्यक्षता भएको कार्यक्रमको सहजीकरण जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले गरेका थिए ।

## नेपाल–भारत सीमास्तम्भमा रङ्गरोगनको काम शुरू

प्रस, परवानीपुर, ९ माघ/

नेपाल–भारत सीमास्तम्भ रङ्गरोगनको काम शुरू भएको छ ।



सशस्त्र प्रहरी पर्साको आयोजनामा पर्सा जिल्लामा रहेका सम्पूर्ण बिजोर सीमास्तम्भको रङ्गरोगन शुरू भएको सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले बताए । वीरगंज–१६ र भारत, बिहार, पूर्वी चम्पारण, पन्टोका ग्रामपञ्चायत–४ सुन्दरपुरस्थित दशगजा क्षेत्रको सीमास्तम्भ नम्बर ३९१/६ लाई रङ्गरोगन गरी प्रजिअ गणेश अर्यालले उद्घाटन गरेका थिए ।

सो अवसरमा राष्ट्रिय अनुसन्धान कार्यालय, पर्साका प्रमुख अनुसन्धान उपनिर्देशक दिलीपकुमार सिंह, नापी विभागका प्रतिनिधि कपिल कटुवाल, प्रहरी नायब उपरीक्षक सुवास भट्ट, प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंज भन्सारका सप्रनाउ लोकेन्द्र सुब्बा, भारतबाट भारतको सीमा सुरक्षा बल (एसएसबी) ४७ नम्बर बटालियन पन्टोकाका उत्तमकुमार घोषको सहभागिता थियो । सन् २०१४ पश्चात् निर्माण भएका बिजोर नम्बरका सीमास्तम्भ सशस्त्र प्रहरी बल नेपालले रङ्गरोगन तथा मर्मत सम्भार गर्दै आएको सशस्त्र प्रहरी पर्साका प्रवक्ता एवं सप्रनाउ नरेन्द्रसिंह धामीले बताए ।

## सिम्रौनगढमा धार्मिक पर्यटकीय क्षेत्रबारे सेमिनार हुने

प्रस, सिम्रौनगढ, ९ माघ/

आगामी फागुन ९–११ गते बाराको सिम्रौनगढ नपामा ऐतिहासिक, पर्यटकीय, पुरातात्त्विक र धार्मिकस्थलबारे सेमिनार हुने भएको छ ।

सिम्रौनगढ नपाको सहयोगमा वीणा फाउन्डेशनले बुधवार नपाको सभाहलमा सोबारे छलफल, अन्तर्क्रिया गरेको थियो । कार्यक्रममा सिम्रौनगढको सांस्कृतिक सम्पदाको संरक्षण र पुनर्जीवन, पर्यटन प्रवर्द्धन गरी स्थानीय तथा राष्ट्रियस्तरमा आर्थिक गतिविधि बढाउने, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सिम्रौनगढको ऐतिहासिक महत्त्वलाई उजागर गरिनुका साथै सो दिन आयोजित कार्यक्रममा विभिन्न सांस्कृतिक प्रदर्शनी, सेमिनार, पुरातात्त्विक भ्रमण, स्थानीय कलाकृतिको प्रदर्शनी, नृत्यलगायतका गतिविधिका लागि व्यवस्थापन र प्रस्तुतीकरणका बारेमा छलफल गरिएको थियो ।

नगरप्रमुख किशोरीप्रसाद कलवारको अध्यक्षतामा भएको कार्यक्रममा निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरी, बारागढी गाउँपालिकाका अध्यक्ष अशोक जयसवाल, प्रसौनी गापाध्यक्षका अध्यक्ष विनोद जयसवाल, कलैया उपमहानगरपालिकाका उपप्रमुख रोशन प्रवीण, राष्ट्रिय स्वतन्त्र पार्टी बारा जिल्ला अध्यक्ष चन्दन स्वर्णकार, जसपा नगरकमिटी अध्यक्ष पन्नालाल कुशवाहा, जनमत पार्टीका गगनदेवप्रसाद कुशवाहा, नेकपा एकीकृत समाजवादीका रमेश पन्जाली, राप्रपाका सत्येन्द्र साह, वडाध्यक्षहरू एजुलाह अन्सारी, अवधेश सहनी, नन्दकिशोरप्रसाद जयसवाल, उपप्रमुख नजमु शेहर, बारागढी गापाकी उपाध्यक्ष लक्ष्मी यादव, मानव अधिकारकर्मी रञ्जीत कुशवाहा, पुरातत्त्व सेनानी भरत साह, डिके सिंह, वडाध्यक्ष दीनदयाल मुखिया, अरविन्द मुखिया, शिवमङ्गल कुशवाहा,




रामदिनेशप्रसाद यादव, विद्यार्थी नेता उमेश कुशवाहालगायतले मन्तव्य व्यक्त गर्दै सेमिनारमा विज्ञहरूको सहभागिता हुने र विभिन्न विषयहरूमा कार्यपत्र प्रस्तुत गरिने बताए ।

कार्यक्रममा करैयामाई गापाध्यक्ष शम्भुप्रसाद यादव, सिम्रौनगढ नपाकी रामएकबालप्रसाद यादवलगायतको सहभागिता थियो ।

कार्यक्रममा शिक्षक शशिभूषण साहले स्वागत र प्रमुख प्रशासकीय अधिकृत हरिओमप्रसाद जयसवाल र वीणा फाउन्डेशनका अध्यक्ष ममता शर्माले सहजीकरण गरेका थिए ।

## चीसो बढेसँगै गरीब, विपन्न परिवारलाई समस्या

बलिराम शुक्ला, बिरुवागुठी, ९ माघ/

मकरसङ्क्रान्तिदेखि हुस्सु लागेर शीतलहर चल्न शुरू भएपछि पर्सा जिल्लाका ग्रामीण भेगको जनजीवन कष्टकर बनेको छ । बिहानैदेखि लाग्ने बाक्लो हुस्सु र शीतलहरका कारण गरीब तथा विपन्न परिवारहरूको जीवनयापन कष्टकर बनेको छ ।

शीतलहरका कारण दैनिक ज्यालादारी गरी खाने गरीब, विपन्न परिवारका सदस्यहरू घरबाहिर काममा जान नपाउँदा उनीहरूको जीवनयापनमा समस्या बढेको पर्सागढी नगरपालिकाका शिवनाथ माझी बताउँछन् ।

उनले पर्सागढीमा रहेका गरीब, दलित परिवारलाई अहिलेसम्म चीसोबाट जोगिनका लागि पालिका र विपद् व्यवस्थापन समितिलगायतले सहयोग नगरेका कारण उनीहरूको जीवनयापनमा समस्या चुलिएको बताए । नपाका विभिन्न वडाहरूमा जिल्लामक सबैभन्दा बढी गरीब, दलित, मुसहर जातिको बसोबास रहेको उनले बताए ।

पर्सागढी नगरपालिका कार्यालयका स्वास्थ्य शाखा प्रमुख नारायणप्रसाद पौडेलले चीसो बढेर श्वासप्रश्वासका बिरामीहरूको सङ्ख्या बढेको बताए ।



उनले श्वासप्रश्वासका बिरामीसँगै निमोनियाका बिरामी पनि बढेको भन्दै यो अवस्थामा सबैले स्वास्थ्यमा ध्यान दिनुपर्ने सुझाए । उनले अति आवश्यक कामबाहेक घरबाहिर ननिस्किन र मनतातो पानी, झोलिलो खानेकुरा तथा न्यानो कपडा लगाउन सुझाए । उनले पालिकाले न्यानो कपडा र आगो बाल्नका लागि दाउराको व्यवस्था गर्दै आएको दाबी गरे ।

## चीसो बढेसँगै फेरि विद्यालयहरू बन्द

धर्मेन्द्र चौरसिया, पोखरिया, ९ माघ/

चीसो बढेसँगै पर्सा जिल्लाका विभिन्न पालिकाहरूले शिक्षण संस्था बन्द गराएका छन् । गत पुसदेखि नै चीसो बढेसँगै जिल्लाका विभिन्न पालिकाहरूले वर्षे बिदाबाट कट्टा हुनेगरी अहिलेसम्म तीनपटक विदा दिइसकेका छन् । पोखरिया नगरपालिकाले पछिल्लोपटक माघ ८ गतेसम्म पटकपटक गरी बिदा दिएको थियो । आज बुधवारदेखि शुक्रवारसम्म तीन दिन यहाँको शैक्षिक शाखाले पालिकाका शिक्षण संस्थाहरू बन्द गराएको छ ।

यसैगरी, वीरगंज महानगरपालिका, धोबिनी, जगरनाथपुर गापाले पनि माघ ११ गते शुक्रवारसम्मका लागि जाडो बिदा घोषणा गरेका छन् ।

एकजना शिक्षासम्बन्धी जानकारले चीसो हुने र घाम लाग्ने क्रम चलिरहेको बेला हालका दिनमा पालिकाहरूले माघ २३ गतेदेखि सञ्चालन हुनेगरी शैक्षिक संस्थाहरू बिदा दिनुपर्ने बताए । उनले माघ १३ गते आइतवारदेखि विद्यालय सञ्चालन गरिंदा चीसो कम हुने सम्भावना नरहेको र पुनः बिदा दिनुपर्ने अवस्था आउन सक्ने र माघ १६ र १७ गते सार्वजनिक बिदा भएको तथा माघ १८ गते शुक्रवार परेकोले विद्यालय सञ्चालनमा आउने सम्भावना कमै भएको तथा माघ २१ गते सोमवार वसन्तपञ्चमी (सरस्वतीपूजा) भएकोले माघ २० गते आइतवार त्यसको तयारीमा विद्यार्थीहरू जुट्ने र माघ २२ गते मूर्ति विसर्जन गरिने हुँदा माघ २३ गतेदेखि विद्यालय सञ्चालनमा ल्याउँदा उत्तम हुने बताए ।

## कम्बल वितरण

प्रस, वीरगंज, ९ माघ/

वीरगंज महानगरको सहयोगमा साहिब दरबार वीरगंजले बुधवार वीरगंज महानगरपालिका–१६ र १९ का नगवा र विन्ध्यवासिनीमा गरीब, एकल महिला र ज्येष्ठ नागरिकलाई कम्बल वितरण गरेको छ । वडा नं १६ को नगवामा दुई सयजना र वडा नं १९ को विन्ध्यवासिनी, बर्वामा १७६ जनालाई कम्बल वितरण गरिएको थियो ।

## निश्शुल्क आँखा शिविर, १०२ जनामा मोतीबिन्दु

प्रस, वीरगंज, ९ माघ/

रुइत फाउन्डेशनको आर्थिक उपकार सेवा नेपालले बुधवार बारा जिल्लाको प्रसौनी गाउँपालिकामा




सहयोग र वीरगंज सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा निश्शुल्क आँखा शिविर सम्पन्न गरेको छ ।

प्रसौनी गापा–१ स्वास्थ्य चौकी प्रसौनीमा सञ्चालित शिविरमा १४२ महिला र ७५ पुरुष गरी २१७ जनाको आँखा चेकजाँच भएको र त्यसमध्ये १०२ जनाका आँखामा मोतीबिन्दु देखा परेको छ । मोतीबिन्दु भएका १०२ जनाको भोलि बिहीवार माघ १० गते वीरगंज सामुदायिक आँखा अस्पतालमा निश्शुल्क शल्यक्रिया गरिने अस्पतालका नेत्र अधिकृत महेशसिंह धामीले बताए ।

शिविरको उद्घाटन गापाध्यक्ष विनोदप्रसाद जैसवाल र उपकार सेवा नेपालकी अध्यक्ष विद्याकुमारी सरावगीले संयुक्तरूपमा गरेका थिए । कार्यक्रममा संस्थाका सदस्य पद्मादेवी सरावगी, सुमन बगेडिया, अङ्कुर शर्मा, सज्जन अग्रवाल, प्रमुख प्रशासकीय अधिकृत सुमितकुमार सिंह, स्वास्थ्य शाखा प्रमुख सुरेशकुमार साहलगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**हाम्रो दुईवटा जीवन छ, र दोस्रो तब शुरू हुन्छ, जब हामी बुझ्छौं त्यो त एउटै रहेछ ।**

**–कन्फ्युशियस**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके पटेल)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com

# मिटरब्याज समस्या

**मिटरब्याजको समस्या देशव्यापीरूपमा छ । पीडितहरूले विगत केही वर्षदेखि पटकपटक आन्दोलन गरिसकेका छन्, न्यायको माग गर्दै सडक र प्रहरी–प्रशासनमा धाइरहेका छन् । यसले समग्र सामाजिक न्याय र आर्थिक व्यवस्थामाथि नै गम्भीर प्रश्न खडा गरेको छ । मिटरब्याजबाट पीडितको सङ्ख्या ठूलो छ, कतिपय खुलेर बाहिर आएका छन् भने परिबन्धमा परेर बाहिर आउन नसकेका पनि धेरै छन् । पीडितका कथाहरू दर्दनाक छन् । जमीन, सम्पत्ति गुमाएका, घरबारविहीन भएका र जीवन नै सङ्कटमा परेको अवस्थामा कैंयन पीडितहरू छन् । मिटरब्याजकै पीडाका कारण पति–पत्नीबीच सम्बन्धविच्छेद भएका, घरपरिवारमा झगडा भएका, आत्महत्याका घटनाहरू भएका प्रशस्त उदाहरण छन् । तर पनि समस्या समाधानको लागि सरकारी प्रयास अपर्याप्त देखिएका छन् । मिटरब्याजपीडितका उजूरीहरूको छानबीन प्रक्रियामा तीव्रता आउन सकेको छैन । लिखित कागजात र प्रशासनिक प्रक्रिया झनै पेचिलो हुँदै जाँदा पीडकहरूलाई कानूनीरूपमा फाइदा पुग्ने अवस्था सिर्जना भएको छ ।**

**मिटरब्याजपीडितलाई सहयोग र पीडकलाई कारबाई गर्ने सवालमा जिल्ला प्रशासन कार्यालय, प्रहरी र न्यायालयबीच समन्वयको अभाव छ । एकीकृत नीतिको अभावले गर्दा समाधान प्रक्रिया अव्यवस्थित बनेको छ । मिटरब्याजविरुद्ध थालिएका कारबाई प्रक्रिया तथा अभियान निष्क्रिय बन्दै गएका कारण यो समस्याले जरा गाड्दै आएको छ । स्थानीय निकाय र प्रशासनले समस्या पहिचान, कारबाई र अनुगमनमा चासो नदिंदा पीडकहरूले आफूअनुकूल चाल चल्न सहज भएको पाइन्छ । सरकारी निकायहरूले गराउने छलफलहरूमा पीडितहरूको सहभागिता तथा आवाज कमजोर देखिएका छन् भने पीडक पक्षधर हाबी हुने गरेका छन् । पीडित पक्ष यसै पनि पहुँच र मनोवैज्ञानिकरूपमा कमजोर छन् भन्ने तथ्यलाई बिर्सिएर सरकारी निकायले अध्ययन अनुसन्धान र यथार्थभन्दा पनि द्विपक्षीय बहसलाई मान्यता बढी दिएको देखिएकै हो । यो प्रक्रियाले वास्तविक समस्या समाधानभन्दा पीडकको पक्षलाई कानूनीरूपमा बलियो बनाउँदै छ । यसैबीच केही व्यक्तिहरू मौकाको फाइदा उठाउन तल्लीन छन् । उनीहरू झूटा पीडितको रूपमा प्रस्तुत भई वास्तविक पीडितको मुद्दालाई कमजोर बनाइरहेका छन् । यसप्रति प्रशासनको पर्याप्त सजगता जरुरी छ ।**

**मिटरब्याज समस्या समाधान गर्ने हो भने निष्पक्ष र अधिकारसम्पन्न उच्चस्तरीय आयोग गठन आवश्यक छ । कानूनी, वित्तीय र सामाजिक क्षेत्रमा विज्ञता भएका व्यक्तिहरूलाई समावेश गरी समस्या छानबीन, समाधान र पुनर्वासका कार्यक्रम अघि बढाउनुपर्छ । वास्तविक पीडितको पहिचानमा स्वतन्त्र छानबीन हुनुपर्छ । सम्पत्ति गुमाएका र वास्तविक ऋणबाट पीडित नागरिकहरूको सूची तयार गरी तिनीहरूको पुनर्वास सुनिश्चित गर्नुपर्छ । यसका साथै मिटरब्याजमा संलग्न अपराधीहरूलाई कडा कारबाई गर्न कानूनी प्रक्रिया छिटो, प्रभावकारी र पारदर्शी बनाउनु जरुरी छ । यसका लागि न्यायालयमा विशेष प्राथमिकतासहितका मुद्दा छानबीन समूह हुनुपर्छ । ग्रामीण क्षेत्रका जनतालाई वित्तीय सचेतना कार्यक्रममार्फत अवैध ब्याज प्रणालीका जोखिमबारे जानकारी दिनुपर्छ । यसो भएमा आगामी दिनमा समस्याहरू दोहोरिन पाउनेछैनन् । जिल्ला प्रशासन, प्रहरी र स्थानीय सरकारलाई मिटरब्याजविरुद्ध तत्काल कदम चाल्न र पीडितहरूको सुरक्षाको प्रत्याभूति गर्न केन्द्र सरकारले निर्देश गर्नुपर्छ ।**

# शिक्षालाई दैनिकीसँग जोड्ने कहिले ?

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**शिक्षाले विगत, वर्तमान र आगतलाई देखाउन सक्नुपर्छ । हाम्रो विगत, वर्तमान र भविष्यबारे शिक्षाको उद्देश्य दैनिकी, संस्कार, संस्कृति तथा स्थानीय बालीनाली, पेशा, रोजगारको सम्भावनासमेतलाई नहच्किई प्रस्तुत गर्नु उचित हुन्छ । शिक्षाले कम्तीमा आफूलाई चिन्ने र चिनाउने बनाइदेओस् ।**

शिक्षालाई सरल बनाउने कि जटिल भन्ने सवालमा अर्को सवाल पनि उक्लन्छ, शिक्षालाई किन कस्तो बनाउने ? अर्थात् शिक्षाको उद्देश्य के बनाउने ? अहिले हाम्रो देशबाट विदेशमा पलायन भइरहेको जनसङ्ख्यालाई विचार गर्ने हो भने कुन कित्ताका बढी उत्सुक छन् ? शिक्षित मानिसमा विदेश पलायनको मोह बढी छ कि अशिक्षित वा निरक्षरमा ? शिक्षाले विदेश जान सिकाएको हो वा विदेशको आकर्षणले मात्र मानिसलाई तानिरहेको छ ? शिक्षित मानिस यति हलुको हुन पुग्दछ कि विदेशतिर सजिलै तानिन्छ ? यथार्थमा तथ्याङ्कमाथि राम्ररी विचार गर्ने हो भने देशबाट शिक्षितहरू बढी मात्रामा पलायन भइरहेका छन् । अहिले पनि गाउँमा निरक्षरहरू बढी भेटिन्छन् तर शिक्षित निकै कम ।

गाउँमा को बस्छ ? गाउँमैं बस्नेको धारणा अचम्मको हुन्छ । ती सोझै भन्दछन्, कोही कतै काम गर्न नसक्नेहरू नै गाउँमा बस्दछन् । अनि ती पनि गाउँमा बस्न रुचाउँछन् जो गाउँमैं बसेर कुनै रोजगार वा नोकरी गर्न सक्छन् । अन्यथा, राम्रो मानिस गाउँमा बस्दैन । यहाँ राम्रो मानिसको अर्थ पढेलेखेको, कुनै इलम भएको र अगाडि बढ्ने चाहना भएको मानिस हो । गाउँमा बस्ने मानिसमा स्वाभाविक निराशा हुन्छ । कम्तीमा एकपटक विदेश पुगेर केही वर्ष काम गरेर फर्कन पाए सन्तोष मान्ने मनोविज्ञान गाउँमा देखिएको छ ।

हरेक गाउँमा विद्यालय छ, अधिकांश वडामा माध्यमिक विद्यालय पुगिसकेको छ । माध्यमिक विद्यालय नभएको शायद नै कुनै वडा होला । यसलाई शिक्षाको विस्तार भएको छ भन्नैपर्छ । शिक्षाको विस्तार भएको अवस्थामा शिक्षाले दिएको के होला ? चेतना, विवेक र बुद्धि अर्थात् ज्ञानका कुरा त शिक्षित मानिसले पाएकै हुनुपर्छ । के समाजमा यस्तो मनोविज्ञान स्थापित भएको छ ? हाम्रो समाजको चेतना, विवेक र ज्ञानको उपयोग हुन सकेको छ ? कि उपयोग त भइरहेको छ प्रभावकारी मात्रै हुन नसकेको हो ? वा शिक्षितहरू केवल आदर्श कुरा गर्ने र आफ्नो जीवनमा लागू गर्न नसकेको अवस्था हो ?

शिक्षाले जीवनमा परिवर्तन ल्याउँदै नल्याएको भने होइन । शिक्षाले मानिसको जीवनमा धेरै परिवर्तन ल्याएको छ । शिक्षाले सिकाएको आशावादी हुनु पनि हो । भविष्यप्रति आशावादी हुनेहरूको सङ्ख्या धेरै बढेको छ । पहिलेको तुलनामा जीवनलाई सरल बनाएको शिक्षाले पनि हो । शिक्षाले स्वास्थ्यको चेतनामा निकै वृद्धि गरेको छ । यसको अर्थ यो पनि हो कि मानिसको जीवन पहिलेको तुलनामा लामो भएको र हुँदै गएको छ । मानिसको औसत आयु बढ्दै गएको छ । मानिसले स्वास्थ्यप्रति गम्भीर हुन थाल्नुमा पनि शिक्षाकै योगदान हो । अनि हरेक शिक्षित मानिसले आफ्नो सन्तानलाई आफूभन्दा बढी शिक्षित बनाउन धेरै लगानी गरिरहेको पनि हो ।

कतै बढी लगानीले पनि विदेश मोह बढाएको हो कि ? उदाहरणको लागि हुनेखानेले आफ्ना सन्तानलाई विदेशमा पढ्न पठाउँदा खर्च धेरै लाग्छ । धेरै खर्च लगाएर विदेश पुगेको विद्यार्थी त्यहाँ रोजगारमा संलग्न हुन्छ र त्यहाँको वातावरणमा घुलमिल भएपछि स्वदेश फर्कन चाहँदैन । कतिपय अवस्थामा यस्ता अनेक उदाहरण भेटिन्छ जहाँ पढ्नका लागि भनेर पठाइएका विद्यार्थी पढाइ छाडेर जति वर्षको अध्ययन भिसा हुन्छ, त्यति वर्ष केवल कामदार बनेर वा अन्य आयमूलक रोजगारसित जोडिएर काम गर्दछन् । अनि अभिभावकको चाहना पनि हुन्छ कि विदेश जानासाथ मलाई पैसा पठाउन थालोस् । अनि टोल–छिमेकले पनि आफ्नो सन्तानलाई विदेश पढाउन खोज्छ वा विदेश पठाएर पैसा पठाउने काममा लगाउन चाहन्छ । यसबाट समाजमा नाम पनि उचो हुने तथा दाम पनि राम्रै आउने हुन्छ । अनि मौका पाउनासाथ विदेश भ्रमणको अवसर पनि पाइन्छ, जसले गर्दा समाजमा अझ ठूलो धाक हुन जान्छ । समाजमा धाकधक्कुको पनि स्थान कम छैन । अहिले पनि आफ्नो सन्तानलाई विदेश पढाउने मानिसको नाक धेरै ठूलो भएको पाइन्छ । यसै कारण धेरै नागरिकले विदेश पढाउनुलाई विशेष सम्मान मान्न थालेका छन् । यस्तो कार्यलाई विदेशप्रति बढेको मोह भन्न सकिन्छ । यस प्रवृत्तिमा तत्काल विराम लाग्ने सम्भावना देखिएको छैन ।

अहिलेको शिक्षाको आवश्यकता के हो ? किन मानिस विश्वको विभिन्न कुनामा जानु परिरहेको छ ? विश्वस्तरको शिक्षा दिनको लागि हामीले के के गर्नु उचित हुन्छ ? वा हामी कहाँ चुकेका छौं ? कतै शिक्षाकै कमजोरीले त होइन, हामीले नेपालीलाई नेपालमैं टिकाउन नसकेको ? विगतमा टिकाउने, सिकाउने र बिकाउने कुरा सुनिएको थियो शिक्षाको क्षेत्रमा । अहिले पनि यो निकै महत्त्वपूर्ण छ । यथार्थमा हामीले विद्यार्थीलाई विद्यालयमा टिकाउने, जीवनोपयोगी सीप सिकाउने, नेपाली बजारमा बिकाउने र नेपालमैं टिकाउने किसिमको शिक्षातिर पाइला अगाडि बढाउनुपरेको छ ।

शिक्षाको निकै ठूलो योगदान यस अर्थमा पनि देखिन्छ कि आज गाउँगाउँमा सर्वसाधारण नेपालीले पनि नेपाली भाषा बोल्न थालेका छन्, बुझ्न थालेका छन् । नेपाली सर्वग्राह्य हुनुमा अन्य कारणसँगै शिक्षाको पनि महत्त्वपूर्ण योगदान रहेको छ । यसबाट यो पनि मान्न सजिलो हुन्छ कि शिक्षा व्यावहारिक छ भने सबैमा विस्तार हुन सजिलो हुने रहेछ ।

हुनत मातृभाषामा शिक्षाको व्यवस्था हुन सक्यो भने धेरै राम्रो हुन सक्थ्यो तर यो सम्भव हुन सक्ने अवस्था देखिंदैन । विद्यार्थीहरूले भाषा सिक्ने कि भाषालाई माध्यम बनाएर दिइने सीप सिक्ने भन्ने कुरा पनि विचारणीय हुन्छ । अहिले विश्वका विभिन्न देशमा गइरहेका नेपाली कामदारहरूले त्यहाँको भाषा र संस्कृति यहींबाट सिकेर गइरहेका छन् भन्ने होइन । निस्सन्देह कतिपय यस्ता मानिस यस्तो ठाउँमा गइरहेका छन्, जहाँको भाषाको अलिकति पनि ज्ञान छैन तर त्यहाँ आफ्नो दैनिकी र व्यवहार गरिरहेका छन्, काम राम्रोसित गरिरहेका छन् । राम्रोसित काम गरिरहेको अवस्थालाई विचार गर्ने हो भने भाषालाई सीप सिकाइको बाधक मान्नुहुँदैन । तर कसैलाई उसकै मातृभाषामा कुनै सीप सिकाउने हो भने उसको बुझाइमा बाधा रहँदैन । कतिपय प्रतिभावान्ले पनि भाषाको कारण सिकाइ उपलब्धिमा क्षमता अनुसारको उचाइ प्राप्त गर्न सक्ने हुँदैन ।

अब समय आइसकेको छ कि शिक्षालाई पूर्णतः दैनिकीसित जोडियोस्, सिद्धान्तसँग मात्र होइन । मलाई के लाग्छ भने प्राथमिक तहसम्म कुनै एक विषयमात्र नेपालीमा राखेर बाँकी सम्पूर्ण विषयको ज्ञान त्यहाँको मातृभाषामा दिनुपर्छ । प्राथमिक तहसम्म सिकाइने सम्पूर्ण विषय र सम्पूर्ण विषयवस्तु सम्बन्धित स्थानीय तहको हुनुपर्छ । स्थानीय तहमा पालिका तथा जिल्लालाई समेट्नुपर्छ । हरेक विद्यार्थीले प्राथमिक तहसम्म केवल आफ्नो पालिकाबारे मात्र पढ्ने वा जानकारी लिनुपर्छ । यसैगरी निम्न माध्यमिक तहमा सम्बन्धित प्रदेशबारे जानकारी दिनुपर्छ । प्रदेशको सबै विषय र ज्ञान निम्न माध्यमिक तहका विद्यार्थीको स्तरानुकूल पस्कनु उचित हुन्छ । तथा, माध्यमिक तहमा देशले चाहेको शिक्षा दिंदा राम्रो हुन्छ । यसरी स्थानीय तहले स्थानीय तहबारे जानकारी, प्रदेशले प्रदेशबारे जानकारी र केन्द्रले सोही अनुसार केन्द्रबारे बढी जानकारी दिने तथा प्राथमिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारको, निम्न माध्यमिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकारको र माध्यमिक तहको शिक्षाको सम्पूर्ण जिम्मेवारी सङ्घ सरकारको हुनेगरी व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गर्नुपर्ने व्यवस्था हुनुपर्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा शिक्षाले विगत, वर्तमान र आगतलाई देखाउन सक्नुपर्छ । हाम्रो विगत, वर्तमान र भविष्यबारे शिक्षाको उद्देश्य दैनिकी, संस्कार, संस्कृति तथा स्थानीय बालीनाली, पेशा, रोजगारको सम्भावनासमेतलाई नहच्किई प्रस्तुत गर्नु उचित हुन्छ । शिक्षाले कम्तीमा आफूलाई चिन्ने र चिनाउने बनाइदेओस् । आफैंलाई बिर्साउने शिक्षा दिने हो भने जसकसैले हेर्ने वा विचार गर्ने अरूलाई नै हो । अरूलाई देखेर, अरूलाई बुझेर कोही पनि आफू बन्न सक्दैन । आफूजस्तो हुनको लागि हरेकले आफूलाई नै चिन्नुपर्छ । आफूलाई चिन्न सक्नु नै ठूलो कुरा हो ।

# पेरिस सम्झौताबाट बाहिरिने राष्ट्रपति ट्रम्पको घोषणाले जलवायु वित्त कार्यान्वयनमा चुनौती

प्रगति ढकाल

काठमाडौं, ९ माघ/रासस

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सोमवार शपथ लिएसँगै दोस्रो कार्यकालका लागि ह्वाइट हाउस प्रवेश गरेका छन् । यस अघि सन् २०१७ देखि सन् २०२१ सम्म अमेरिकी राष्ट्रपति बनेका ट्रम्प गत नोभेम्बरमा अमेरिकाको ४७औं राष्ट्रपतिमा निर्वाचित भएका थिए ।

अघिल्लो कार्यकालमा पेरिस सम्झौताबाट अलग हुने घोषणा गरेका ट्रम्पले दोस्रो कार्यकालमा शपथसँगै पुनः पेरिस सम्झौताबाट बाहिरिने घोषणा गरेका छन् । उनको उक्त घोषणापछि सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् ।

वन तथा वातावरण मन्त्रालय अन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा महेश्वर ढकालले पेरिस सम्झौताबाट अमेरिका बाहिरियो भने त्यो अन्य मुलुकका लागि राम्रो नहुने बताउँछन् । "अमेरिका जस्तो धनी र शक्तिशाली मुलुक बाहिरिनु राम्रो होइन, यसको असर अन्तर्राष्ट्रिय समुदायमा पनि पर्छ," उनले भने, "अमेरिका पेरिस सम्झौताबाट बाहिरिए पनि हामी जलवायु परिवर्तनका मुद्दा छाड्दैनौं, हामीले दुईपक्षीय सम्बन्धका आधारमा सहयोग ल्याउन सक्नुपर्छ ।"

जलवायुविद् राजु पण्डित क्षेत्रीले अमेरिका जस्तो मुलुक नै जलवायुजन्य सङ्कट न्यूनीकरणका लागि भएको पेरिस सम्झौताबाट हट्दा अन्य शक्तिशाली मुलुकहरू पनि कार्यान्वयनबाट पछि हट्न सक्ने बताउँछन् । विश्व मौसम विज्ञान सङ्गठन (डब्ल्युएमओ)द्वारा प्रकाशित सन् २०२४ को जलवायु अवस्था प्रतिवेदनले जलवायुजन्य सङ्कटलाई उजागर गराएको र वर्ष २०२४ लाई अहिलेसम्मकै सबैभन्दा तातो वर्षका रूपमा उल्लेख गरेको उनको भनाइ छ । उनले भने, "जलवायुजन्य विपद् बढ्दै जाने जोखिम रहेको समयमा सम्झौता कार्यान्वयनबाट शक्तिशाली मुलुक नै पछि हट्दा त्यसको असर नेपाल जस्ता मुलुकले भोग्नुपर्छ ।"

उनले अमेरिका विश्वमा दोस्रो हरितगृह ग्याँस उत्सर्जन गराउने मुलुकमा पर्ने उल्लेख गर्दै उनले जलवायुजन्य सङ्कटसँग लड्नका लागि अमेरिकाकै जिम्मेवारी बढी हुने बताए । पण्डितले भने, "अमेरिका पेरिस सम्झौता कार्यान्वयन गर्ने नैतिक दायित्वबाट पछि हट्दा जलवायु सङ्कट समाधानमा असर त पर्छ नै तर अन्य मुलुकहरू त्यसैगरी हट्दै जाने हो भने समस्या अझ थपिन्छ, अन्य मुलुकले सम्झौता कार्यान्वयनमा विशेष ध्यान दिनुपर्छ ।"

**एनसिक्युजी कार्यान्वयनमा समस्या**

गत कात्तिक २६ देखि मङ्सिर ७ गतेसम्म अजरबैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २९औं शिखर सम्मेलन सम्पन्न भएको थियो ।

कोप वार्ता प्रक्रियाको उपलब्धिमा जलवायु वित्तको नयाँ लक्ष्य (एनसिक्युजी) मा भएको सहमतिलाई उपलब्धिका रूपमा हेरिएको थियो । विकसित देशहरूले विकासोन्मुख देशलाई वार्षिक तीन सय बिलियन डलरसम्म उपलब्ध गराउने सहमति नै कोपको मुख्य सकारात्मक उपलब्धिको रूपमा विश्लेषण गरिएको थियो । यद्यपि विकासोन्मुख राष्ट्रहरूको माग भने वार्षिक एक दशमलव तीन ट्रिलियन डलर थियो ।

माग अनुसार निकै कम जलवायु वित्त उपलब्ध गराउने धनी मुलुकको प्रतिबद्धतामा अतिकम विकसित मुलुकको समूह एलडिसीले कोपको नतीजा उपलब्धिमूलक नभएको भन्दै असन्तुष्टि जनाएको थियो । कोप–२९ मा प्रतिबद्धता जनाइए अनुसारको तीन सय बिलियन अमेरिकी डलरसमेत उपलब्ध नभई एनसिक्युजी कार्यान्वयनमा चुनौती देखिने आशङ्का रहेका जलवायु तथा विपद् व्यवस्थापन विद् डा धर्मराज उप्रेतीको भनाइ छ ।

"बढ्दो जलवायुको सङ्कट अनुसार तीन सय बिलियन डलर अमेरिकी डलर जलवायु वित्त अपुग नै हो । त्यसमाथि धनी र शक्तिशाली मुलुक नै दायित्वबाट पछि हट्दा सो रकमसमेत उपलब्ध नहुने हो कि डर छ," उनले भने, "यसका

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# गिद्ध संरक्षण गर्न आरामस्थल निर्माण

दमौली (तनहुँ), ९ माघ/रासस

निर्माणाधीन १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजनाले प्राकृतिक कूचीकारको रूपमा चिनिने गिद्ध संरक्षणका लागि 'गिद्ध आरामस्थल' निर्माण गरेको छ।



**गिद्धहरूः** तनहुँको व्यास नगरपालिका–१० भतेरीस्थित गौ संरक्षण केन्द्रमा रहेका गिद्धहरू। निर्माणाधीन १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजनाले प्राकृतिक कूचीकारको रूपमा चिनिने गिद्ध संरक्षणका लागि 'गिद्ध आरामस्थल' निर्माण गरेको छ। तस्बिरः कृष्ण न्यौपाने/रासस

वन्यजन्तु संरक्षण तथा जनचेतना योजना अन्तर्गत आयोजनाका कारण लोपोन्मुख गिद्धको बासस्थान प्रभावित हुन नदिन व्यास नगरपालिका–१० दुम्सी भतेरीस्थित गौ संरक्षण केन्द्र परिसरमा गिद्ध आरामस्थल निर्माण गरिएको आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिए।

आयोजनाले उक्त केन्द्रको परिसरमा स्थानीय स्रोत र साधनको प्रयोग गरी पाँचवटा टेलिस्कोपिक खम्बा जडान गरेको छ। हरेक खम्बामा गिद्धलाई बस्नका लागि फलामको आर्म राखिएको छ। फलामको आर्मका कारण गिद्धलाई कुनै नकारात्मक असर पर्न नदिई सुरक्षित बनाउन आर्मलाई काठले ढाकिएको छ। खम्बाको टुप्पोमा काठको ढकनी लगाइएको छ। त्यसमा गिद्ध सुरक्षितरूपमा बस्न सक्नेछन्। आहाराका लागि आउने र खाएपछि गिद्धलाई आराम गर्नका उक्त खम्बा जडान गरिएका हुन्।

नगरपालिकाको सक्रियतामा दमौली बजारभन्दा करीब छ किलोमिटर दूरीमा रहेको मादी नदी किनारमा गौ संरक्षण केन्द्र सञ्चालित छ। करीब २०० रोपनी जग्गामा सञ्चालित केन्द्रमा नगरपालिका क्षेत्रमा बेवारिसे अवस्थामा रहेका र बूढा भएका गाईगोरु ल्याउने गरिएको छ। गाईगोरु मरेमा त्यहीं रहेको खाल्डोमा राखिने भएकाले आहाराका लागि गिद्ध त्यहाँ आउने गरेका छन्। शिकारी चरा समूह अन्तर्गत ठूला मांसाहारी पक्षी गिद्धले आफैं शिकार नगरी मरेका जनावरको मासु अर्थात् सिनो मात्र खान्छन्।

गिद्धलाई यस अघि संरक्षण केन्द्रमा असुरक्षितरूपमा आहारा लिनुपर्ने बाध्यता थियो। उक्त स्थानबाट ३३ केभी प्रसारण लाइन गएका कारण आहाराका लागि आउने र आहारापछि उड्ने गिद्ध उक्त लाइनमा ठोकिएर मर्ने गरेका थिए।

प्रसारण लाइनमा ठोकिएर गिद्धलाई मर्न नदिन आयोजनाले मरेका गाईवस्तु फाल्ने खाल्डोको स्थान परिवर्तन गरी त्यस नजीक खम्बा जडान गरी आरामस्थल निर्माण गरेको हो। यसबाट गिद्ध संरक्षण गर्न जनचेतना अभिवृद्धि र बासस्थान संरक्षण भई गिद्ध सुरक्षित क्षेत्रका रूपमा विकास गर्न सहयोग पुग्ने भण्डारीको भनाइ छ।

साथै आयोजनाले निर्माण गर्ने बाँधका कारण सेती नदीको प्राकृतिक बहावमा अवरोध उत्पन्न भई मुख्यरूपमा त्यहाँ पाइने रैथाने असला तथा शहर प्रजातिका माछाको जीवन जोखिममा पर्ने र त्यसको संरक्षणका लागि सेती तथा मादी नदीको सङ्गमस्थलबाट करीब ४५ किलोमिटर मादीको माथिल्लो तटीय क्षेत्रमा मत्स्य संरक्षण योजना कार्यान्वयनमा ल्याइएको छ।

व्यासका वडा नं ३, ४, ५, ६, ७ तथा १०, मध्य नेपालका ४, ५, ६, ७ तथा ८ नम्बर वडा, रूपा गाउँपालिकाका १, ३ तथा ७ नम्बर वडा र मादी गाउँपालिकाका ४, ५, ९, १०, ११ तथा १२ नम्बर वडालाई प्रभावित क्षेत्र मानिएको छ। तीन प्याकेजमा विभाजन गरी निर्माण भइरहेको आयोजनाको समग्र भौतिक प्रगति ६४ प्रतिशत रहेको छ।

# पुराणवाचकको परीक्षा लिएर प्रमाणपत्रको व्यवस्था गरिने

काठमाडौं, ९ माघ/रासस

पुराणका कथा वाचन गर्ने पण्डितको परीक्षा लिएर प्रमाणपत्र दिने गरी व्यवस्था गर्न लागिएको छ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति, सनातन विद्वत् परिषद्, कथा व्यास समाज र हिन्दू जागरण नेपालले संयुक्तरूपमा पुराणवाचकलाई प्रमाणपत्र दिनेगरी व्यवस्था गर्न लागेको जनाएका छन्। धार्मिक क्षेत्रले समाजलाई स्वधर्मनिष्ठ र मर्यादित बनाउने उद्देश्य राख्ने र यसकै लागि कथा सत्सङ्ग, प्रवचन, पुराणवाचन आदि हुन्छन्। पुराण श्रवण गरेरै मानिसले आफूलाई आध्यात्मिक शिक्षा लिएर कल्याण गरेका हुन्छन्।

पुराण सुनेरै दुराचार, भ्रष्टाचार आदि अपराधबाट आफूलाई जोगाउने गरेको कथावाचक एवं हिन्दू जागरण नेपालका अध्यक्ष रामकृष्ण उपाध्याय बताउँछन्। पुराण सुनेरै मानिस सदाचारतिर लाग्ने गरेको उनको अनुभव छ।

पुराणका कथावाचनलाई आम्दानीको माध्यमका रूपमा मात्र हेरेर व्यवसायीकरण गर्दै अशास्त्रीय कार्यलाई पनि शास्त्र हो भन्दै अयोग्य व्यक्ति पनि आफूलाई तडकभडकको आधारमा प्रवक्ता बनेर हिंड्ने क्रम बढेकाले कथावाचकलाई प्रमाणपत्र दिने व्यवस्था गर्न लागिएको अध्यक्ष उपाध्यायले बताए। कथावाचन गर्ने व्यक्तिको योग्यताको विद्वत्वर्गले जाँच गरेर प्रमाणपत्र दिंदा अझै राम्रो हुने भएकैले यसो गर्न लागिएको हो।

यसको नेतृत्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले गर्नेछ। विसं २०७७ मा मन्त्रिपरिषद्ले पारित गरेको समितिको गठन आदेशमा पनि कथा व्यासलगायत धार्मिक क्षेत्रको काम हेर्ने जिम्मेवारी पनि समितिलाई नै दिइएको छ। समितिलाई सघाउन धर्म, संस्कृतिका क्षेत्रमा खुलेका धार्मिक, सांस्कृतिक एवं आध्यात्मिक संस्थाले सहयोग गर्न लागेको पनि उपाध्यायले बताए।



**ढिकीमा धान कुट्दैः** अछामको तुर्माखाद गाउँपालिका–६ तुल्ताका महिला ढिकीमा धान कुट्दै। आधुनिक मिलको प्रयोग बढेसँगै पछिल्लो समय ढिकीको प्रयोग न्यून हुँदै गएको छ। तस्बिरः सुशील भण्डारी/रासस



**मुग्लिन–पोखरा सडकः** मुग्लिन–पोखरा सडक अन्तर्गत तनहुँको व्यास नगरपालिका–१२ कमलाबारी खण्डमा कालोपत्र गरेपछिको सडक। पूर्वी खण्ड अन्तर्गत हालसम्म ७५ प्रतिशत प्रगति भएको मुग्लिन–पोखरा सडक योजनाले जनाएको छ। तस्बिरः कृष्ण न्यौपाने/रासस

# कालीगण्डकी कोरिडोर : मार्फाखोलामा मोटरेबल पुल निर्माण

म्याग्दी, ९ माघ/रासस

चीन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी कोरिडोरको बेनी–जोमसोम–कोरला सडक अन्तर्गत मुस्ताङको घरपझोङ गाउँपालिका–२ मार्फाखोलामा मोटरबेल पुल निर्माण भएको छ।



मुस्ताङको घरपझोङ गाउँपालिका–२ मार्फाखोलामा निर्माण भएको पक्की मोटरेबल पुलको काम सम्पन्न भएको छ। पक्की मोटरेवल पुल निर्माणपश्चात् सवारी आवतजावतसँगै बर्खायाममा भोग्नुपर्ने सास्ती टरेको छ। तस्बिरः सुशीलबाबू थकाली/रासस

बेनी–जोमसोम–कोरला सडक आयोजना कार्यालय, मुस्ताङले १२० मिटर लामो मोटरेबल पुल निर्माण गरेको हो। आयोजना प्रमुख ध्रुवकुमार झाले पुलको सबै संरचना र पहुँचमार्ग निर्माण सकेर सवारीसाधन सञ्चालन हुन थालेको जानकारी दिए।

"चीसोका कारणले रोकिएको पुलको पहुँचमार्ग कालोपत्र गर्ने काम गर्मी शुरू भएपछि हुन्छ," उनले भने, "मार्फाखोलामा बाढी आउँदा बेनी–जोमसोम सडकमा यातायात अवरुद्ध हुने समस्या हटेको छ।"

धौलागिरि दोस्रो र टुकुचेचुली हिमालको बीचमा पर्ने धम्पुसचुली हिमाल फेदमा पर्ने काशीघन क्षेत्रमा रहेको हिउँ दिउँसोको चर्को घामले पग्लँदा मार्फाखोलामा चैतदेखि असोज महिनासम्म दिउँसो र साँझपख मार्फाखोलामा बाढी आउने गर्छ।

पक्की पुल सञ्चालन भएपछि कच्ची र अस्थायी पुल तथा खोलाबाट जोखिम मोलेर सवारी वारपार गर्नुपर्ने समस्या हटेको आयोजना प्रमुख झाले बताए।

मार्फाखोला र बारागुङ मुक्तिक्षेत्र गाउँपालिका–३ छुसाङको नरसिङ खोलामा मोटरेबल पुल निर्माणका लागि छ वर्ष अघि हिमदुङ एन्ड थोकर इमोटल कन्स्ट्रक्शनले रु २१ करोड ६० लाखमा ठेक्का सम्झौता गरेको थियो।

जोमसोमदेखि कागबेनी–छुसाङ–उपल्लो मुस्ताङ हुँदै चीनको सिमाना कोरला नाका जोड्ने सडक अन्तर्गत रहेको नरसिङ खोलाको ९० मिटर लामो मोटरेबल पुल गत भदौमा निर्माण सकिएको थियो। कोरोना महामारी, प्रतिकूल भूगोल, मौसम, प्राकृतिक विपद्, नदीजन्य निर्माण सामग्रीको अभावलगायतका कारणले ढिलाइ भएको निर्माण कम्पनीका प्रतिनिधि सुदीप खड्काले बताए।

पर्वतको मालढुङ्गादेखि म्याग्दी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरला नाका जोड्ने २०२ किलोमिटर दूरीको बेनी–जोमसोम कोरला सडक अन्तर्गत २४ मोटरेबल पुल निर्माण गर्नुपर्नेमा १९ वटाको ठेक्का लागेको, १२ वटाको निर्माण सकिएको, दुईवटा निर्माणाधीन, पाँचवटाको ठेक्का तोडेको र पाँचवटा पुल निर्माणको प्रक्रियामा छन्। २०७३/७४ देखि शुरू भएको योजनाको हालसम्म ८४ प्रतिशत भौतिक प्रगति भएको छ।

# गोदाममा मल छ, किसानले पाउँदैनन्

सिराहा, ९ माघ/रासस

लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडको गोदाममा रासायनिक मल मौज्दात हुँदा पनि यहाँका किसानले मल पाएका छैनन्। मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहलाई वितरण गर्ने मलको सङ्ख्या यकीन नगर्दा किसानले मल नपाएका हुन्।

कृषि सामग्री कम्पनी लिमिटेड लहानका शाखा प्रबन्धक दीपराज पौडेलले मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्थानीय तहलाई वितरण गर्ने मलको सङ्ख्या यकीन नगर्दा रासायनिक मल वितरणमा ढिलाइ भएको बताए।

"प्रदेश सरकारबाट जग्गा क्षेत्रफलको अनुसार सम्बन्धित मन्त्रालयले स्थानीय तहलाई मल वितरण गर्ने रासायनिक मलको मात्रा लेखी पठाउनुपर्ने हुन्छ," उनले भने, "मन्त्रालयबाट पत्र आउन ढिला भएको कारण समस्या परेको हो। पत्र प्राप्त हुनासाथ मल वितरणको प्रक्रिया अगाडि बढ्छ।"

लहानस्थित कृषि सामग्री कम्पनीले कोशी प्रदेशका खोटाङ, ओखलढुङ्गा, सोलु र मधेस प्रदेशको सिराहामा रासायनिक मल वितरण गर्दै आएको छ। प्रबन्धक पौडेलका अनुसार कोशी प्रदेशले आफ्ना जिल्लामा पठाउनुपर्ने मलको सङ्ख्या उल्लेख गरी पठाइसकेकोले कोशी प्रदेशका ती जिल्लामा माघको पहिलो हप्ताभित्रै मल वितरण गरिसकिएको छ।

प्रक्रियागत त्रुटिका कारण गहुँमा रासायनिक मल हाल्ने 'पिक' समय हुँदासमेत कृषकले मल पाएका छैनन् तर कम्पनीको गोदाममा हाल पाँच सय मेट्रिक टन डिएपी र सात सय मेट्रिक टन युरिया मौज्दात रहेको कार्यालयले जनाएको छ।

# यसो भए स्वदेशमैं बस्छन् युवा

गुल्मीको सिमलटारीका विकास पराजुली उच्च शिक्षा अध्ययनका लागि २०६५ सालमा बुटवल झरे । त्यसको तीन वर्षपछि पत्रकारिता शुरू गरे। ३२ वर्षीय विकासले बुटवलको लुम्बिनी टेलिभिजनसँगै काठमाडौंको एक अनलाइनलगायतका सञ्चारमाध्ययममा काम गर्थ्ये । खोज पत्रकारिता र भिडियोग्राफ्रीमा उनको राम्रो दख्खल थियो। त्यही विकासले पत्रकारिता मात्र होइन, देश नै छोडे । उनी पुस दोस्रो साता देश छोडेर दक्षिण अमेरिकाको चिली गए । उनले पुस २१ मा चिली पुगेपछि लेखे, "विवाह, परिवार, बालबच्चाको जिम्मेवारीले थिचिंदै जाँदा शहरमा भाडामा बसेर एक पत्रकारको पाखुराले धान्न पक्कै गाऱ्है रहेछ। शहरमा घर, घडेरी त यो कर्मबाट सोच्नु परको हुने महसूस गरेपछि मेरो मन पनि सञ्चार कर्मलाई तत्काल स्थगित गर्ने निचोडमा पुगेको हो । जीवनको एउटा ऊर्जावान् समय पत्रकारितामा बिताएपछि अहिले केही कमाउन सकिन्छ कि भनेर पृथ्वीको एउटा कुनाबाट पल्लो छेउ आइपुगेको छु।"

पाल्पाको रिब्दिकोटका मुक्तिराम न्यौपाने कामको खोजीमा २०६२ मा बुटवल झरे। बुटवलमा खाजापसल खोले। कमाइ बढ्न थालेपछि बुबाआमालाई समेत गाउँ छोडेर शहर ल्याए। खाजापसलको कमाइबाट बुबाआमा, पत्नी, छोराछोरीसहित छजनाको परिवारको गर्जो चलाइरहेका थिए । कोभिडपछि खाजापसलको चलहपहल घट्दै गयो । तर छोराछोरी हुर्कंदै जाँदा पढाइ खर्च बढ्दै गयो । बिस्तारै खाजापसलको कमाइले धान्न सकेन। तिनै कमल ३६ वर्षको उमेरमा खाजापसल छोडेर विदेश गए। पुस अन्तिम साता उनी व्यवसाय बन्द गरेर फिनिडा पुगेका हुन् । "विदेश जान्नँ स्वदेशमैं बस्छु भनेर उर्वर समयमा विदेश जाने मन गरिनँ । कमाएकाले खान पुगेको थियो । ठीकै थियो । तर महँगी बढेको बढ्यै भयो। खानादेखि छोराछोरीको पढाइको खर्च धान्न यहाँ कमाएकाले पुगेन । त्यसैले खाजापसल बन्द गरेर विदेशिन बाध्य भएँ । खाजापसल चलाएको यहाँको अनुभवले फिनिडाको होटलमा काम गर्ने योजना छ," मुक्तिरामले बताए।

अवसर खोज्दै व्यक्ति एक ठाउँबाट अर्को ठाउँ वा एक देशबाट अर्को देशमा जानु सामान्य हो। अन्तर्राष्ट्रिय अभ्यास पनि हो। यसैले अवसरको खोजीमा हुने पलायन र बसाइँसराइलाई अन्तर्राष्ट्रिय मुद्दा मानिन्छ । भनिन्छ, अवसरको खोजीमा हुने पलायन र बसाइँसराइले एक स्थानको श्रम, शक्ति, सभ्यता र संस्कृति अर्को ठाउँमा पुग्छ। त्यस क्षेत्रको विकास र समृद्धिमा सघाउँछ। त्यो राम्रै कुरा हो । विकसित देशले वस्तु निर्यात गरे सरह मान्छेको श्रम पनि किन्छन्। त्यही किनाइमा घर, गाउँ नै रित्तो बनाउनेगरी भयो भने त्यो दुःखद हुँदोरहेछ। अहिले नेपालमा त्यही भइरहेको छ। घर, गाउँ हुँदै शहर नै युवाविहीन हुन थालेका छन्।

नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका व्यक्तिलाई युवा मानिन्छ । कमाउने हो । कमाउँदै पढ्दै गर्छन् । काम गरेर केही जोड्छन् । आफूले स्वदेशमा भन्दा उता सुख सुविधा पाउने भएपछि उतै बस्ने प्रक्रिया थाल्छन् । मध्यमवर्गीय समुदायका यी युवाका लागि गर्न, श्रमिक र रोजगारदाताबीचको सम्बन्ध बढाउन एवं न्यून ज्यालाको समस्या हटाउन सरकारी अनुगमन र निरीक्षण जरुरी छ । तीन तहकै सरकारले युवाको सीप, शिक्षा र

विचार



अमृता अनमोल

**देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणमा युवाको भूमिका ठूलो छ। यसर्थ युवाका लागि रोजगारमा जोड्ने शिक्षासँगै देश र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कारको विकास गर्न जरुरी छ। यसले शिक्षा र रोजगारको खोजीमा विदेश जाने युवाको सङ्ख्या घटाउन सकिनेछ।**

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवाको जनसङ्ख्या ४२.५६ प्रतिशत अर्थात् एक करोड २४ लाख १२ हजार १७३ छ। युवा परिवर्तनका संवाहक मानिन्छन् । काम गर्ने जोश, जाँगर र हिम्मत बोकेका व्यक्ति ठानिन्छन्। यति ठूलो युवा जनसङ्ख्या भएका बेला देशले विकास र परिवर्तनमा फड्को मार्नुपर्ने बेला हो। विडम्बना जनगणनाकै तथ्याङ्क अनुसार देशमा १९.८ प्रतिशत युवा पूर्ण बेरोजगार छन् । ३६ प्रतिशत युवा अर्धबेरोजगार छन्। अहिले युवा जम्मा हुने, योजना निर्माण गर्ने, अनुभव साटासाट गर्ने, युवा सूचना प्राप्त गर्ने, समीक्षा तथा मूल्याङ्कन गर्ने स्थान र वातावरणको खाँचो छ। तर स्वदेशमा यस्ता ठाउँहरूसमेत बनाइदिन सकेका छैनौं। यसैले धेरै युवा अहिले आफ्नो भविष्य स्वदेशमा होइन, विदेशमा खोजिरहेका छन् । विदेश जाने भिसा लागेको दिन युवाहरू जीवनको स्वर्णिम ढोका खुलेको ठान्न थालेका छन्। कोही पढ्ने नाममा त कोही कमाउने नाममा स्वदेश छोडेको छोड्यै छन्। घर, गाउँ हुँदै अहिले शहरबजार पनि युवाविहीन बन्दै गएका छन् ।

युवालाई स्वदेशमैं बस्ने र स्वदेशमैं भविष्य खोज्ने बनाउन के गर्ने ? विदेश जाने युवाको लर्को बढिरहेका बेला हरेक ठाउँमा यस्तो बहस चलेको सुनिन्छ। तर देशको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणको चाहना बोकेका युवा के चाहन्छन् ? त्यसबारेमा भने खासै छलफल हुँदैन। यसले युवाहरू विदेश पलायन हुने परिपाटी अझ बढेको छ।

वैदेशिक रोजगारमा जाने धेरैजसो तीनथरी युवा देखिन्छन्। एकथरी युवा सम्पन्न परिवारमा हुर्किएका हुन्। उनीहरू जमीनदार, नेता, प्रशासकका छोराछोरी हुन् । ती युवा आफ्नो पुर्ख्यौली सम्पत्ति बोकेर उच्च शिक्षाका नाममा विदेश जान्छन्। पढाइभन्दा पनि उनीहरू कसरी त्यहाँ व्यवस्थित भएर भन्ने ध्याउन्नमा हुन्छन् । अभिभावकले कमाएको रकम उतै लैजान्छन्। यस्तो पलायनलाई रोक्न राज्यले युवा होइन, विदेशी नागरिक बनाउने नेता, प्रशासकलाई अवसर र सुविधाबाट वञ्चित गर्नुपर्छ।

दोस्रोथरी धेरै युवा कमाउँदै पढ्दै गर्न विदेश पलायन हुन्छन् । उनीहरूको देखाउने काम पढ्ने भएपनि प्रमुख काम स्वदेशमैं पढ्दै रोजगार गर्दै गर्ने अवस्था हुने हो भने विदेश जान रोकिन्छन् । धेरै युवा अहिले काम गर्दै कमाउँदै गर्न चाहन्छन् । तर नेपालमा कमाउँदै पढ्दै गर्न पाइने व्यवस्था छैन । सरकारले पढ्दै कमाउँदै गर्ने कार्यक्रम ल्याउने चर्चा धेरै गरेको छ । तर अहिलेसम्म बताउने खालका युवाका कार्यक्रम छैनन् । सङ्घीय सरकार, प्रदेश र स्थानीय सरकार सबैले देशमा पढ्दै, कमाउँदै गर्ने व्यवस्था गर्ने हो भने धेरै युवा विदेश पलायन हुनबाट रोकिनेछन्।

तेस्रोथरी युवा रोजगारका लागि देश छाडेका हुन्छन्। उनीहरू धेरै मध्यम र निम्न वर्गका युवा हुन्। स्वदेशमा रोजगार नपाएर वा पाएको रोजगारबाट परिवारको गुजारा नचल्ने भएपछि वैदेशिक रोजगारमा गएका हुन्छन् । त्यसका लागि युवालाई रोजगारमा जोड्नुपर्छ । औद्योगिक विकास अन्तर्गत साना, मध्यम र ठूला उद्योगहरूको स्थापना गरी रोजगारका अवसरहरू सिर्जना गर्नुपर्छ । युवालाई बजारमा बिक्नेखालका सीपमूलक तालीम, स्वरोजगार र उद्यमशीलताका लागि आवश्यक तालीम दिनुपर्छ। स्वदेशमैं रोजगार प्रवर्द्धन गर्न सरकारी अनुदान र सहज ऋणको व्यवस्था गर्नुपर्छ।

एक उपायले मात्रै युवा स्वरोजगार बढाउन र युवाको पलायन रोकिंदैन । त्यसका लागि तीनै तहका सरकारले स्थानीय स्रोत र साधनको पहिचान गर्ने जनशक्तिलाई रोजगार दिने नीति, भौगोलिक, अलौकिकपन झल्किने क्षेत्रको प्रवर्द्धन गरी पर्यटन व्यवसाय सञ्चालन गर्नुपर्ने हुन्छ । प्राविधिक शिक्षा बढाउने र युवाको रोजगारको समयको दर वृद्धि गर्ने हो भने केही हदसम्म धन कमाउने सपना बोकेर विदेशिन खोज्ने युवालाई नेपालमैं रोक्न सकिन्छ।

धेरै युवा आफ्नालागि आफ्नै देशमा केही नयाँ सोच र योजनासहित आफूले काम गरौं भन्ने चाहन्छन्। त्यसका लागि राज्यले श्रम बजारको मागअनुरूप सीपयुक्त श्रमशक्तिको विकास गर्नुपर्छ। बजारको माग अनुसार जनशक्ति उत्पादन र आपूर्ति गर्नुपर्छ । श्रमिक र रोजगारदाताबीच श्रम अनुसारको पारिश्रमिक दिने वातावरण बनाइदिनुपर्छ। उद्यमशीलताको विकास उद्यमशीलता विकासका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन आवश्यक छ । दीर्घकालीन समाधानका रूपमा उद्योग, कृषि, पर्यटन र सूचना प्रविधिमा युवाहरूलाई आकर्षित गर्ने खालका ठूला विकासका परियोजनाहरू शुरू गर्नुपर्छ । विदेश पलायन हुन लागेका युवालाई रोक्न उद्यमशील सीप विकास तालीम प्रदान गर्ने, सीप सिकेका युवालाई बैंक वित्तीय संस्थाबाट व्यवसायको लागि सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने, युवालाई प्राविधिक तथा सूचना प्रविधि सम्बन्धित तालीम दिएर स्वदेशमैं रोजगार सुनिश्चित गर्न सकिनेछ।

शिक्षालाई वैज्ञानिक, व्यावहारिक र सीपमूलक बनाउँदै श्रमसँग जोड्ने हो भने युवाको पढाइले बेरोजगार बन्नुपर्ने छैन। प्राविधिक शिक्षा र रोजगारसहितका सीपमूलक कार्यक्रम ल्याउने हो भने सीप अनुसार युवाले स्वदेशमैं काम पाउनेछन् । काम अनुसारको आम्दानी भए युवा पलायन रोक्न सकिनेछ। कृषि उत्पादनमा युवालाई जोड्न सकियो भने स्थानीय उत्पादनलाई व्यावसायिक र 'लेबलिङ' एवं 'ब्रान्डिङ' गर्न सकिनेछ । यसले युवामा रोजगारको अवसर र आत्मविश्वास बढाउन सकिनेछ।

देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणमा युवाको भूमिका ठूलो छ। यसर्थ युवाका लागि रोजगारमा जोड्ने शिक्षासँगै देश र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कारको विकास गर्न जरुरी छ । यसले शिक्षा र रोजगारको खोजीमा विदेश जाने युवाको सङ्ख्या घटाउन सकिनेछ । विदेशमा सिकेको शिक्षा, सीप एवं रकमलाई स्वदेशमा ल्याएर युवाहरूलाई स्वदेशमा बस्ने र स्वदेशमैं भविष्य खोज्ने बनाउन सकिनेछ । युवालाई स्वदेशमैं रोक्नका लागि सरकारले मात्र होइन, निजी क्षेत्र, गैरसरकारी सङ्घसंस्था र समुदायको पनि सहकार्य आवश्यक छ। युवाशक्ति देशका मेरुदण्ड हुन्। सरोकारवाला सबैले उनीहरूलाई स्वदेशमा सही अवसर र वातावरण प्रदान गर्नुपर्छ। युवाका नयाँ विचार र प्राविधिक ज्ञानलाई देशको विकास, राजनीति र निर्णय प्रक्रियामा लगाउन हरेक क्षेत्रमा सहभागी गराउनुपर्छ।



**मूलपानी क्रिकेट मैदानः** काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका–६ स्थित मूलपानीमा रहेको मूलपानी क्रिकेट मैदान। तस्बिरः हरिराम भेटुवाल/रासस

## फरक समाचार

# चार किसिमको दालले स्वास्थ्यमा पार्ने असर

दाल प्रोटिनको राम्रो स्रोत हो। यसले थुप्रै पोषक तत्त्वको कमी पूरा गर्छ र रोगबाट टाढा पनि राख्छ। खानामा दालले स्वाद पनि बढाउँछ। मुटुरोग, मधुमेह



र वजनलाई पनि नियन्त्रण गर्छ।

**राजमा–** वजन घटाउनुको साथै मधुमेह नियन्त्रण गर्न चाहनुहुन्छ भने खानामा यसलाई सामेल गर्नुपर्छ। यसमा एन्टिआक्सिडेन्ट, फाइबरको अलावा थुप्रै प्रकारका भिटामिन पाइन्छन्। राजमाले कोलेस्ट्रोललाई नियन्त्रण गरेर हृदयरोगको खतरालाई घटाउँछ।


**मुंगको दालः** यसमा पोटेशियम र मैग्निशियम पर्याप्त मात्रामा पाइन्छ, जसले रक्तचापलाई नियन्त्रण गर्छ। मुंगको दालमा बोसो कम र प्रोटिन बढी रहन्छ। यो दाल विशेषगरी त्यस्ता व्यक्तिको लागि फाइदा पुऱ्याउँछ, जसको इम्युनिटी अर्थात् रोगसँग लड्ने क्षमता निकै कम हुन्छ।

**मुसुरोको दालः** यसले हाड र दाँतलाई मजबूत बनाउँछ किनभने यसमा क्याल्शियमको मात्रा निकै बढी हुन्छ। यसमा रहेको एन्टिआक्सिडेन्टले शरीरबाट विषालु पदार्थलाई निकाल्छ। प्रोटिनको अलावा फाइबर भएकोले पेटको लागि यो निकै फाइदा हुन्छ। यस दालमा बोसो निकै कम हुन्छ र वजन घटाउनको लागि यो दाल एउटा विकल्प हुन सक्छ।

**मासको दालः** यो दाल महिलाले अवश्य खानुपर्छ किनभने यो प्रोटिन, आइरन, फोलिक एसिड, मैग्निशियम र पोटाशियमको कमीलाई पूरा गर्छ। फाइबर भएकोले यसले पाचनलाई राम्रो बनाउँछ। मैग्निशियम र पोटेशियमले मुटुको लागि फाइदा पुऱ्याउँछ। फलामले ऊर्जावान् बनाउँछ।

# चुरोट पिउनेलाई ब्रेन स्ट्रोकको खतरा

धुम्रपानमाथि भएको नयाँ अनुसन्धान अनुसार यदि तपाईं वर्षमा १० बट्टा चुरोट पिउनुहुन्छ भने ब्रेन स्ट्रोकको खतरा २७ प्रतिशतसम्म रहन्छ। स्ट्रोक जर्नलमा प्रकाशित अनुसन्धान अनुसार ४० देखि ६९ वर्ष उमेरका ४ लाख




व्यक्तिको जेनेटिक तथ्याङ्क जम्मा गरिएको थियो। अमेरिकाको केएल स्कूल अफ मेडिसिनमा भएको यस रिसर्चमा यो साबित भएको छ कि स्ट्रोक र धुम्रपानबीच सीधा सम्पर्क हुन्छ।

धुम्रपानले मस्तिष्कसम्म रक्त पुऱ्याउने धमनी क्षतिग्रस्त भएपछि ब्रेन स्ट्रोकको सम्भावना हुन्छ।

धमनीमा अवरुद्ध भएपछि मस्तिष्कसम्म रगत, आक्सिजन पुग्न सक्दैन। अमेरिकाको सबैभन्दा ठूलो स्वास्थ्य एजेन्सी सिडिसीका अनुसार आक्सिजन नपुगेपछि ब्रेनका कोशिका केही मिनेटमैं नष्ट हुन थाल्छन् र यस प्रकार बिरामी ब्रेन स्ट्रोकबाट ग्रसित हुन्छ।

विज्ञ अनुसार हात, अनुहार र खुट्टाको एकातर्फ भाग सुन्न हुनु स्ट्रोकको एउटा ठूलो लक्षण हो। यसको अलावा आवाज स्पष्ट ननिस्किनु, हेर्न समस्या, चक्कर लाग्नु र अचानक टाउको दुख्नु पनि यसको लक्षण हो। यस्तो लक्षण नदेखिए पनि तत्काल बिरामीलाई अस्पताल लैजानुपर्छ। तसर्थ



यी पाँचवटा कुरा ध्यानमा राख्दा ब्रेन स्ट्रोकको खतरा कम हुन्छ।

**रक्तचाप नियन्त्रणः** यदि तपाईंको परिवारको सदस्य स्ट्रोकबाट ग्रसित भइसकेका छन् भने सचेत हुनुपर्छ। यस्तो मामिला अघिल्लो पीढीमा पनि देखिन्छ। विशेषगरी रक्तचाप नियन्त्रणमा राख्नुपर्छ।

**बुजुर्गको मामिला बढीः** अनुसन्धान अनुसार स्ट्रोक सबैभन्दा बढी बुजुर्गमा देखिएको छ। तसर्थ खानपानमा ध्यान दिने, बढी तेल र मसाला भएको खाना खानुहुँदैन।

**यी रोगले खतरा बढाउँछः** उच्च कोलेस्ट्रोल, मुटुरोग र मधुमेहका बिरामीमा स्ट्रोकको आशङ्का बढी रहन्छ। यसैले ब्लड सुगर, रक्तचाप र मोटोपन नियन्त्रणमा राख्नुपर्छ।

**खानपानः** खानपानमा तरकारी र कम मीठो फल सेवन गर्नुपर्छ। अनुसन्धानले स्पष्ट गरिसकेको छ कि तरकारी र फलले स्ट्रोक र मुटुरोगको खतरा कम गर्छ।

**चुरोट, रक्सीः** सुर्ती वा यसबाट बनेका उत्पाद जस्तै चुरोट आदिले ब्रेन स्ट्रोक, मुटु, फोक्सो र प्याङ्क्रियाजमा असर गर्छ। क्यान्सरको कारण पनि यही हो। साथै रक्सी पनि सेवन गर्नुहुँदैन।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## दक्षिण कोरियाले विमानस्थलको कङ्क्रिट संरचना परिवर्तन गर्ने

सियोल, ९ माघ/एएफपी

दक्षिण कोरियाली अधिकारीहरूले जेजु एयर दुर्घटनापछि देशका केही विमानस्थलमा उडानको निगरानी र नियन्त्रणका लागि बनाइएका कङ्क्रिटका अवरोधहरू परिवर्तन गर्ने बताएका छन्।

गत डिसेम्बर २९ मा थाइल्यान्डबाट दक्षिणपश्चिमको मुआनका लागि उडेको बोइङ ७३७-८०० विमान मुआन विमानस्थलमा अवतरण गर्ने क्रममा नेभेगेशनका लागि बनाइएको कङ्क्रिटको संरचनामा ठोकिएर दुर्घटनाग्रस्त भएको थियो। दुर्घटनापछि यस्ता कङ्क्रिटका संरचना भूमिगत बनाउने वा स्टिल वा अन्य निर्माण सामग्रीको प्रयोग गर्नुपर्ने बहस चलेको थियो।

यो दक्षिण कोरियाली भूमिमा अहिलेसम्मकै सबैभन्दा खराब हवाई दुर्घटना थियो। दुर्घटनामा १७९ जनाको मृत्यु भएको थियो भने दुईजनालाई घाइते अवस्थामा उद्धार गरिएको थियो।

दक्षिण कोरियाली र अमेरिकी अनुसन्धानकर्ताहरूले अझै पनि दुर्घटनाको कारणबारे अनुसन्धान गरिरहेका छन्।

अनुसन्धानका क्रममा ध्यान धेरै सम्भावित कारणहरूमा केन्द्रित गरिएको छ। विमानहरूलाई उनीहरूको अवतरणमा नेभिगेट गर्न मदत गर्न प्रयोग गरिने 'कङ्क्रिट अवरोध' पनि दुर्घटनाका लागि जिम्मेवार ठहर गरिएको छ।

भूमि मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ–"विशेष सुरक्षा निरीक्षणाले देशभरका सातवटा विमानस्थलमा 'लोकलाइजर' को सुधार आवश्यक रहेको देखाएको छ।"

मन्त्रालयले लोकप्रिय पर्यटक आकर्षण र राजधानी सियोलको सेवा गर्ने इन्चोनपछि देशको दोस्रो सबैभन्दा ठूलो विमानस्थल मुआनकोजु अन्तर्राष्ट्रिय विमानस्थलसहितका सातवटा विमानस्थलमा 'लोकलाइजर' र अन्य संरचना सुधारका लागि आवश्यक रहेको भनी समावेश गरेको छ।

यी संरचना सुधारका लागि जगहरू भूमिगत स्थानान्तरण गर्ने र तिनीहरूलाई हल्का इस्पातका संरचनाहरूसँग प्रतिस्थापन गर्ने" सुझाव दिइएको छ।

मन्त्रालयले भनेको छ–"मुआन अन्तर्राष्ट्रिय विमानस्थलको विद्यमान कङ्क्रिटको ढिस्को पूर्णरूपमा हटाइने छ र 'लोकलाइजर' लाई सजिलै तोडिन योग्य संरचना प्रयोग गरेर पुनः स्थापना गरिने छ।"

यातायातमन्त्री पार्क साङ-वूले भने–"यो उपायले तत्काल ध्यान दिनुपर्ने कार्यहरूलाई प्राथमिकता दिएको छ।"

उनले भने–"हामी थप अनुसन्धान र समीक्षाको माध्यमबाट चरासँग ठोकिने अवरोध (बर्ड स्ट्राइक) रोकथाम सुधारका उपाय र उड्डयन सुरक्षा नवीनता योजना स्थापना गर्ने योजना बनाइरहेका छौं।"

दुर्घटनाको क्षणमा पाइलटले पहिलो अवतरण प्रयासबाट बाहिर निस्कनु अघि चरासँग ठोकिन सक्ने चेतावनी दिएका थिए। दोस्रो प्रयासमा ल्यान्डिङ गियर ननिस्केपछि विमान दुर्घटनाग्रस्त भएको थियो।

दक्षिण कोरियाली सञ्चार माध्यमका अनुसार दुवै इन्जिनमा प्वाँख फेला परेको छ र चराको आक्रमणलाई दुर्घटनाको एउटा सम्भावित कारणको रूपमा अनुसन्धान गरिएको छ। रासस

## अमेरिकी विदेशमन्त्री रूबियोद्वारा एशियाली साझेदारसँग भेटवार्ता

वाशिङ्टन, ९ माघ/एएफपी

अमेरिकी विदेशमन्त्री मार्को रूबियोले 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिक' क्षेत्रका लागि एशियामा जापान, भारत र अस्ट्रेलियासँग मिलेर काम गर्ने बताएका छन्।

राष्ट्रपति डोनाल्ड ट्रम्पको शपथ ग्रहणाको एक दिनपछि रूबियोले वाशिंगटनमा क्वाड समूहका आफ्ना समकक्षी मुलुकका कूटनीतिज्ञहरूसँग भएको भेटमा उक्त कुरा बताएका हुन्।

रूबियो र उनका समकक्षीहरूले एक संयुक्त वक्तव्यमा 'स्वतन्त्र र खुला इन्डो-प्यासिफिक' क्षेत्र बनाउनका लागि काम गर्ने प्रतिबद्धता जनाएका हुन्।

वक्तव्यमा इन्डो-प्यासिफिक क्षेत्रमा चिनियाँ आक्रामकताप्रति सङ्केत गर्दै यसविरुद्ध सहयोगी मुलुकहरूबीच सहकार्य हुने उल्लेख गरिएको हो।

चारै मुलुकका कूटनीतिज्ञले विधिको शासन, लोकतान्त्रिक मूल्य मान्यता, सार्वभौमिकता र भौगोलिक अखण्डताको सुरक्षाका लागि सहकार्य गर्ने बताएका हुन्।

विज्ञप्तिमा भनिएको छ–"बल प्रयोगद्वारा यथास्थिति परिवर्तन गर्न खोज्ने कुनै पनि एकपक्षीय कार्यको पनि हामी कडा विरोध गर्दछौं।"

विदेशमन्त्रीहरूको भेटवार्तामा यस वर्ष भारतमा क्वाड शिखर सम्मेलन आयोजना गर्न काम गर्ने विषयमा पनि छलफल भएको थियो।

यसको अर्थ ट्रम्पले बढ्दो अमेरिकी साझेदारको प्रारम्भिक भ्रमणका रूपमा उक्त सम्मेलनमा सहभागिता जनाउन भारत भ्रमण गर्ने सङ्केत गरिएको छ। क्वाड समूहलाई प्रायः वाशिंगटनमा चीनविरुद्ध सुरक्षाकवचको रूपमा हेरिन्छ।

उक्त अवसरमा विदेशमन्त्री रूबियोले प्रत्येक देशका समकक्षी मन्त्रीसँग छुट्टाछुट्टै भेटवार्ता पनि गरेका थिए।

जापानी विदेशमन्त्री ताकेशी इवायासँग रूबियोले उत्तर कोरिया र चीनको गतिविधिबारे संयुक्त प्रयासका लागि गर्न सकिने पहलबारे छलफल गरेको अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टमी ब्रुसले बताए।

जापानका दिवङ्गत प्रधानमन्त्री शिन्जो आबेले क्वाडको परिकल्पना गरेका थिए।

चीनले क्वाडलाई उदीयमान एशियाली शक्तिलाई घेर्ने अमेरिकी षड्यन्त्र भन्दै बारम्बार आलोचना गर्दै आएको छ। रासस

## भारतमा भएको सडक दुर्घटनामा १३ जनाको मृत्यु

नयाँ दिल्ली, ९ माघ/सिन्ह्वा

भारतको दक्षिणी राज्य कर्नाटकमा बुधबार भएका दुई छुट्टाछुट्टै सडक दुर्घटनामा कम्तीमा १३ जनाको मृत्यु हुनुका साथै अन्य २० जना घाइते भएका स्थानीय प्रहरीले पुष्टि गरेको छ।

मारिएका सबै तरकारी बिक्रेताहरू थिए, जो आफ्नो उत्पादन नजीकैको थोक बजारमा बेच्न गएका थिए।

घाइतेहरूलाई हुबली जिल्लाको अस्पताल भर्ना गरिएको छ। घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेकोले मृतकको सङ्ख्या बढ्न सक्ने आशङ्का गरिएको छ।

छुट्टाछुट्टै दुर्घटनामा राज्यको राइचुर जिल्लामा यात्रु बोकेको गाडी पल्टिंदा करीब २० वर्षका तीन विद्यार्थीसहित चारजनाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन्।

दुर्घटना हुँदा गाडीमा करीब १५ जना सवार थिए। रासस

## बङ्गलादेशको विमानस्थलमा बमको धम्की

ढाका, ९ माघ/एएनआई

इटालीको रोमबाट ढाकाका लागि उडेको बङ्गलादेश एयरलाइन्सको विमानमा बम राखेको धम्की आएको छ। ढाकाको हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थलमा अज्ञात नम्बरबाट आएको कलबाट यो धम्कीको जानकारी दिइएको थियो।

विमानस्थलका कार्यकारी निर्देशक समूह क्याप्टेन कमरूल इस्लामले सो कुराको पुष्टि गरे। रोमबाट ढाकाका लागि उडेको विमान बिजी-३५६ मा बम आक्रमणको धम्की दिइएको उनले बताए।

विमानले बिहान ९:२० मा हजरत शाहजलाल विमानस्थलमा आकस्मिक अवतरण गरेको थियो। विमानका २५० यात्रु र १३ चालक दलका सदस्यलाई विमानबाट निकालेर टर्मिनलमा ल्याइएको छ। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | नारीसुख | वृष | अलमल |
| मिथुन | खिन्नता | कर्कट | वाहनकष्ट |
| सिंह | मित्रमिलन | कन्या | अतिथिआगमन |
| तुला | अन्नलाभ | वृश्चिक | व्यर्थभ्रमण |
| धनु | प्रसन्नता | मकर | पदोन्नति |
| कुम्भ | ईश्वरभक्ति | मीन | कष्टानुभूति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया








**जयनगरतर्फ जाादै गरेको रेल:** जनकपुरधामस्थित रेलवे स्टेशनबाट यात्रुहरूलाई लिएर जयनगरतर्फ जाँदै गरेको भङ्गहा-जनकपुर-जयनगर रेल। तस्बिर: अमरेन्द्रकुमार यादव/रासस

## जनमत पार्टीको आयोजनामा आँखा शिविर

प्रस, वीरगंज, ९ माघ/

जनमत पार्टी पर्साले बुधवार वीरगंज महानगरपालिका-३ छपकैयामा निश्शुल्क आँखा शिविर सम्पन्न गरेको छ। आँखा शिविरमा ११२ जनाको आँखाको चेकजाँच गरिएको र सोमध्ये २७ जनामा मोतीबिन्दु फेला परेको जनमत पार्टी पर्सा अध्यक्ष ओमप्रकाश सर्राफले बताए।

उनले मोतीबिन्दु देखिएकाहरूको वीरगंज सामुदायिक आँखा अस्पतालमा निश्शुल्क शल्यक्रिया गरिने बताए। शिविरमा वीरगंज सामुदायिक आँखा अस्पतालका नेत्र अधिकृत महेशसिंह धामीले सहभागीहरूको आँखा चेकजाँच गरेका थिए।

जनमत पार्टीले पर्सा जिल्लामा सर्वसाधारणको नियमितरूपमा आँखा चेकजाँच गर्न शिविर सञ्चालन गर्दै आएको छ। आज सातौंपटक शिविर सञ्चालन भएको अध्यक्ष सर्राफले बताए। अहिलेसम्म जिल्लाका आठ सयजनाको आँखा चेकजाँच गरिएकामा दुई सयजनाको मोतीबिन्दुको शल्यक्रिया गरिएको उनले बताए।

कार्यक्रममा सन्तोष वर्णवाल, रम्भा मिश्र, पूनम कर्ण, राजनारायण मिश्र,




सञ्जय सिंह, सञ्जय सर्राफ, लोकेश कर्ण, सागर यादव, मुना पण्डित, अनु कर्णलगायतको सहभागिता थियो।

**पेरिस ...**

साथै हरित जलवायु कोष, अनुकूलन कोष, हानिनोक्सानी कोष जस्ता बहुपक्षीय कोषहरू छन्, यी कोषको वित्तीय आकार नबढ्ने सम्भावना उत्तिकै छ।" जलवायु परिवर्तनका कारण गरीब देशमा बढ्दो बाढीपहिरो, आँधी र खडेरीलगायतका प्राकृतिक विपद् सम्बोधन गर्न 'नोक्सानी र क्षति कोष' कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ।

### कार्बन उत्सर्जन कटौतीको लक्ष्य कार्यान्वयनमा चुनौती

पेरिस सम्झौताबाट अमेरिका बाहिरिए कार्बन उत्सर्जन कटौतीका सम्बन्धमा लिइएको लक्ष्य कार्यान्वयनमा चुनौती थपिनेमा सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन्। उक्त सम्झौता कार्यान्वयन नभए विश्वको तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित गर्ने लक्ष्य प्राप्तिमा चुनौती थपिने जलवायु व्यवस्थापन महाशाखाका उपसचिव नरेश शर्माको टिप्पणी छ।

"स्वच्छ ऊर्जा प्रयोगमा पनि अमेरिका अगाडि छ, भूराजनीतिक परिवेशमा पेरिस सम्झौता कार्यान्वयन व्यावहारिकरूपमा कसरी अगाडि जान्छ हेर्नुपर्छ, यद्यपि यसबाट अमेरिकापछि हट्छ भन्ने मलाई लागेको छैन," उनले भने।

सन् १८५० देखि १९०० लाई आधार वर्ष मान्दा अहिलेसम्म पृथ्वीको तापमान वृद्धिदर एक दशमलव चार डिग्री सेल्सियस छ। त्यसमध्ये एक दशमलव तीन डिग्री सेल्सियस मानवकै कारण वृद्धि भएको डब्ल्युएमओको अध्ययनले देखाएको छ।

समुद्री तापक्रममा उल्लेखनीय वृद्धि, बरफको कमी, ठूला आर्थिक र मानवीय क्षति भइरहेको डब्ल्युएमओको भनाइ छ। एल निनो प्रभावले तापक्रम वृद्धि थप बढाएको उसको निष्कर्ष छ। सङ्गठनको अध्ययन अनुसार समुद्री सतह सन् २०१४ देखि २०२३ सम्म वार्षिक चार दशमलव ७७ मिमीले बढेको छ। सन् २०२३ मा ग्लेसियरबाट एक दशमलव दुई मिटर पानी बराबरको बरफ गुमाएको र यो सन् १९५३ पछि सबैभन्दा उच्च बरफ पग्लिएको घटना भएको सङ्गठनको भनाइ छ।

सङ्गठनले उक्त अध्ययन प्रतिवेदन सार्वजनिक गरेसँगै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले विश्वव्यापीरूपमा जलवायुको बढ्दो सङ्कटबारे चिन्ता व्यक्त गरेका थिए। युएन तथा गुटेरेसले पछिल्लो समय जलवायु सङ्कट बढिरहेको र यसले भविष्यमा भयावह अवस्था सिर्जना गर्न सक्ने भन्दै पछिल्लो समय जलवायुजन्य सङ्कटबारे चिन्ता जनाएका छन्।

### हिमाल सुरक्षामा चुनौती

तापमान वृद्धिदरलाई रोक्ने पेरिस सम्झौता कार्यान्वयन नभए नेपालका पर्वतीय क्षेत्रलाई अझै बढी असर गर्ने र हिमालबाट हिउँ पग्लने क्रम अझै बढ्न सक्ने सम्भावना रहने जलवायु अभियन्ता गीता पाण्डेको बुझाइ छ। विश्वमा बढ्दै गएको तापमान वृद्धिसँगै हिमालबाट हिउँ पग्लिएर कालापत्थरमा परिणत हुने खतरा छ, सम्झौता कार्यान्वयनबाट अमेरिकापछि हट्दा तापमान वृद्धिदरलाई सीमित राख्ने लक्ष्य पूरा नहुन सक्छ। यसको मार नेपालजस्ता मुलुकले भोग्नुपर्ने उनको भनाइ छ।

एशियाली विकास बैंक (एडिबी)को एक अनुसन्धानले जलवायु परिवर्तनको प्रभावले विकासशील एशिया र प्रशान्त क्षेत्रमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) लाई सन् २०७० सम्ममा १७ प्रतिशतले घटाउन सक्ने देखाएको छ। अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) को अध्ययन अनुसार हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनको असर विश्वको औसतको तुलनामा तीन गुणाभन्दा बढी छ। इसिमोडका अनुसार उक्त क्षेत्रमा सन् २०११ देखि सन् २०२० को एक दशकमा त्यस अघिको तुलनामा हिमनदी पग्लने क्रम ६५ प्रतिशतले बढी छ।

जलवायु अभियन्ता अभिषेक श्रेष्ठले विश्वको तापमान अभूतपूर्वरूपमा नयाँ स्तरमा पुगिरहेको वैज्ञानिकले दिइरहेको चेतावनीलाई बेवास्ता गर्दै अमेरिका उक्त सम्झौताबाट बाहिरियो भने सोको असर विश्वव्यापी हुने बताउँछन्। "पेरिस सम्झौताबाट अमेरिका बाहिरिनु कसैका लागि राम्रो होइन, विश्वको सबैभन्दा ठूलो कार्बन उत्सर्जक र प्रमुख जीवाश्म इन्धन उत्पादक अमेरिकाले कार्यान्वयनको दायित्व लिनुपर्छ," उनले भने।

### आन्तरिक गृहकार्यमा जोडबल आवश्यक

पेरिस सम्झौता कार्यान्वयनबाट अमेरिका पछि हटे नेपालले आन्तरिक क्षमता बढाउँदै जानुपर्ने विज्ञहरूको जोड छ। जलवायु अभियन्ता राजन थापा नेपाल जस्ता मुलुकले आर्थिक र प्राविधिक क्षमता अभिवृद्धि गरी अघि बढ्न सक्ने देखिएको बताउँछन्।

"अमेरिका पेरिस सम्झौताबाट निस्कन सक्छ भन्ने पहिले आकलन गरिएको थियो, यसबाट जलवायु वित्त सहयोगका लागि एउटा मात्रै मुलुकमा भर पर्नुहुँदैन भन्ने सिकाएको छ," उनले भने। अन्य मुलुकसँग सहकार्य बढाएर जलवायु वित्त सहयोग ल्याउन सकिने उनको भनाइ छ।

### के हो पेरिस सम्झौता ?

सन् २०१५ मा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारूप महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको २१औं शिखर सम्मेलन फ्रान्सको पेरिसमा सम्पन्न भएको थियो। विश्वका १९० भन्दा बढी देश सम्मेलनमा सहभागी थिए। उपस्थित पक्ष मुलुकले विश्वको तापमान वृद्धिले जलवायु सङ्कट निम्त्याइरहेको र कालान्तरमा पृथ्वीको अस्तित्व नाश हुन सक्ने खतरा रहेको निष्कर्षसहित विश्व तापमान वृद्धि एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्ने महत्त्वपूर्ण एजेन्डामा सम्झौता भएको थियो। सोही सम्झौतालाई 'पेरिस जलवायु सम्झौता'का नामले चिनिन्छ। यो लक्ष्य निर्धारणका लागि कार्बन उत्सर्जन कटौतीसम्बन्धी नीति बनाएर कार्यान्वयन गर्नुपर्छ।

पेरिस सम्झौतालाई एक ऐतिहासिक कदमको रूपमा लिने गरिएको छ। यो सम्झौता नैतिक बाध्यकारी रहे कानूनीरूपमा बाध्यकारी भने छैन। जलवायु प्रदूषण घटाउन कानूनीरूपमा बाध्य भएका कारण कुनै पक्ष मुलुक सम्झौताबाट बाहिरिन नपाउने प्रावधान छैन।

पेरिस सम्झौतामा प्रमुख वार्ताका अगुवाहरू नै अमेरिकी थिए। उक्त सम्झौता सन् २०१५ मा बाराक ओबामा प्रशासनको समयमा भएको थियो। राष्ट्रपति ट्रम्पले सन् २०१७ मा अमेरिका पेरिस सम्झौताबाट बाहिरिने घोषणा गरेका थिए। तर जो बाइडेनले चुनाव जितेपछि बाहिरिने घोषणा कार्यान्वयन भएको थिएन। जो बाइडेनले कार्यभारको जिम्मा लिएकै पहिलो दिन पेरिस सम्झौतामा पुनः सामेल हुने घोषणा गरेका थिए। अमेरिकाले गत डिसेम्बरमा सन् २०३५ सम्म सन् २००५ स्तरको तुलनामा ६६ प्रतिशतसम्म जलवायु प्रदूषण कम गर्ने लक्ष्य लिएको थियो।

# बालश्रमबारे गोलमेच छलफल

प्रस, वीरगंज, ९ माघ/

चाइल्ड रेस्क्यू नेपाल तथा छोराछोरी नेपालको संयुक्त आयोजना र सानो पाइलाको सहयोगमा बालश्रम रोकथाम तथा बाल श्रमिकहरूको संरक्षणका लागि सरोकारवालाहरूसँग गोलमेच छलफल भएको छ।



कार्यक्रमको उद्घाटन गर्दै वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमले बालश्रम रोकथाम तथा बाल श्रमिक, अनाथ दलित बालबालिकाहरूको संरक्षणका लागि महानगरको साथ र सहयोग रहँदै आएको बताए।

चाइल्ड रेस्क्यू नेपालले पाँच दिन अघि भारतमा जबरजस्ती श्रममा लगाइएका दुईजना नेपाली बालकको उद्धार गरी परिवारसँग पुनर्मिलन गराएको जानकारी दिएको थियो।

ती किशोरहरू मुम्बईस्थित प्लास्टिकको झोला बनाउने कारखानामा कठोर वातावरणमा लामो समयसम्म काम गरिरहेको भेटिएपछि हस्तक्षेप गरी उनीहरूलाई घर ल्याइएको थियो। संस्थाले गत वर्ष ४५ जना बालबालिकाको उद्धार गरेको जानकारी गराइएको थियो।

कार्यक्रममा रञ्जना पण्डित, प्रहरी निरीक्षक रमेशकुमार तिमल्सिना, वडा अध्यक्ष बैजुलाल स्वर्णकार, नारायणी अस्पतालकी हेमा थापालगायतको सहभागिता थियो।

# भन्सार दिवसको अवसरमा सरसफाइ

प्रस, वीरगंज, ९ माघ/

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वीरगंज महानगरपालिका-१६ वीरगंज भन्सार क्षेत्रमा बुधवार सरसफाइ गरिएको छ। ७३औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसरमा वीरगंज भन्सार कार्यालयको आयोजना तथा ग्रीन सिटी समुदायिक सेवा केन्द्र आदर्शनगरको सहकार्यमा सरसफाइ कार्यक्रम सम्पन्न भएको हो। ग्रीन सिटीका सदस्य रतन टेमानीको अध्यक्षतामा भएको सरसफाइ कार्यक्रमको उद्घाटन वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले गरेका थिए।

कार्यक्रममा प्रमुख भन्सार अधिकृत रामप्रसाद पाठक, राजेन्द्र ढुङ्गाना, लेखा



अधिकृत हृदयनारायण साह, वीरगंज महानगरका साझेदार एके इन्टरनेशनलका शिवप्रसाद गुप्ता, सरसफाइ महाशाखा प्रमुख सर्फुद्दीन मियाँ, ग्रीन सिटीका चन्द्र अग्रवाल, त्रिलोकचन्द दारुका, सशस्त्र प्रहरी नायब निरीक्षक नागेन्द्र यादव, वरिष्ठ प्रहरी हवल्दार प्रेम राम, अजिता घिमिरेलगायतको सहभागिता थियो।

# एकजना महिलासहित ५९ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ९ माघ/



२४औं सशस्त्र प्रहरी दिवसको अवसरमा सशस्त्र प्रहरी बल नेपाल प्राविधिक तालीम शिक्षालय, पथलैयाले बुधवार रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। सशस्त्र प्रहरी बल नेपाल प्राविधिक शिक्षालयका सशस्त्र प्रहरी उपरीक्षक इन्जिनीयर सञ्जयकुमार मण्डलले रक्तदान गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए। कार्यक्रममा एकजना महिलासहित ५९ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए।

उनले प्रकाश पाण्डे, सरोज ढकाल, सीमा गुरुङ, मदन राना, रामबहादुर राई, अनिल विक, अनुजप्रसाद चौरसिया, सविन राई, पशुपति विकलगायतले रक्तदान गरेको बताए।

रक्तसञ्चार केन्द्र, वीरगंजमा अहिले रगतको अभाव नरहेको प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए। उनले पछिल्लो समय रक्तदान कार्यक्रमहरू नियमित हुँदा रगत अभाव नरहेको बताए। आगामी शनिवारसम्म रक्तदान कार्यक्रम नियमित हुने भएकाले तत्काल रगतको अभाव नरहेको उनले बताए। केही दिन अघि मात्र केन्द्रमा रगतको अभाव भएको थियो। बढ्दो चीसो र गर्मीमा रगतको अभाव हुने गरेको छ र अहिले चीसो बढेसँग केन्द्रमा रगत अभाव हुँदै आएको छ।






## अष्टयाम र लाखबत्ती

प्रस, वीरगंज, ९ माघ/

वीरगंज महानगरपालिका-१० घडीअर्वा पोखरीको दक्षिणतर्फ रहेको रामजानकी मन्दिरको प्राणप्रतिष्ठाको



वर्षगाँठको अवसरमा बुधवार साँझ लाखबत्ती बालिएको छ। मन्दिरको वर्षगाँठको अवसरमा महानगरले २४ घण्टे अखण्ड अष्टयाम गर्दै आज साँझ लाखबत्ती बालेको हो।

नगरप्रमुख राजेशमान सिंहले विधिपूर्वक पूजाअर्चना गरी लाखबत्ती बालेका थिए। सो अवसरमा वडाध्यक्ष सुशीलसाह कानूलगायतको सहभागिता थियो।

वीरगंज महानगरपालिकाले सो मन्दिरलाई गत वर्ष पुनर्निर्माण गरी प्राणप्रतिष्ठा गराएको थियो।

# खेलकूदको संसार

## एनआई कप क्रिकेटः आयोजक र बिपिसी विजयी

प्रस, परवानीपुर, ९ माघ/

वीरगंजको नारायणी क्रिकेट मैदानमा जारी नेशनल इन्फोटेक कपमा बुधवार पनि दुई खेल सम्पन्न भए।

पहिलो खेल आयोजक एनआई र डेसिमल कलेजबीच भएकोमा एनआईले ४९ रन अन्तरको जित निकाल्यो। पहिला ब्याटिङ गर्दै १३ ओभरमा सात विकेटको क्षतिमा एनआईले १२० रन बनाएको थियो। १२१ रनको विजयी लक्ष्य लिएर ब्याटिङ गरेको डेसिमल कलेजले १३ ओभरमा सात विकेट गुमाएर ७१ रनमा सीमित भयो। यस खेलको उत्कृष्ट खेलाडी एनआईका सलमान मन्सुरी घोषित भए।

यसैगरी, दोस्रो खेलमा बिपिसीले बिपिसिएललाई ११३ रनको भारी अन्तरले पराजित गऱ्यो। बिपिसीले पहिला ब्याटिङ




गर्दै निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा २१८ रन बनायो। जवाफी ब्याटिङ गरेको वीरगंज कलेज प्रालिले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा १०५ रनमा सीमित भयो। यस खेलमा बिपिसीका यदुवंशी बैठा उत्कृष्ट घोषित भए।

## प्रधानमन्त्री कप क्रिकेटः हुस्सुका कारण आजको खेल रद्द

धनगढी (फाप्ला), ९ माघ/रासस

बाक्लो हुस्सुका कारण प्रधानमन्त्री कप टी-२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत बुधवार हुने भनिएको कोशी र मधेस प्रदेशबीचको खेल रद्द भएको छ।

आज बिहान ११ बजेका लागि तय गरिएको उक्त खेल दिउँसो १:१५ बजेसम्म पनि हुस्सुका कारण हुन नसकेपछि रद्द गरिएको रेफ्री मोहम्मद सफिकले जानकारी दिए।

खेल रद्द भएपछि दुवै टोलीले एक/एक अङ्क बाँडेका छन्। समूह 'बी'मा रहेका कोशी र मधेस यस अघि नै प्रतियोगिताबाट बाहिरिसकेका टोली हुन्।

यो समूहबाट त्रिभुवन आर्मी क्लब विजेता र बाग्मती प्रदेश उपविजेताका रूपमा सुपर फोरमा पुगेका छन्। समूह 'ए' बाट एपिएफ विजेता र सुदूरपश्चिम उपविजेताका रूपमा सुपर फोरमा सुरक्षित छन्। सुपर फोरका खेल बिहीवारदेखि हुनेछन्।

पहिलो सुपर फोरको खेलमा बिहान ९ बजे एपिएफ र बाग्मती तथा दिउँसो १ बजे सुदूरपश्चिम र आर्मी भिड्नेछन्। यही माघ १ गतेदेखि शुरू भएको प्रतियोगितामा माघ १२ गते सम्पन्न हुनेछ। प्रतियोगिताको उपाधि विजेताले रु पाँच लाख, उपविजेताले तीन लाख, प्लेयर अफ दी सिरिजलाई ५० हजार, बेस्ट ब्याटर र बेस्ट बलरलाई २५/२५ हजार पुरस्कार प्रदान गरिनेछ।

## विश्वकप महिला क्रिकेटः नेपाल अस्ट्रेलियासँग पराजित

काठमाडौं, ९ माघ/रासस

आइसिसी महिला यू-१९ विश्वकप क्रिकेट प्रतियोगितामा नेपाल अस्ट्रेलियासँग पराजित भएको छ। मलेशियाको युकेएम वाइएसडी ओभल क्रिकेट मैदानमा बुधवार भएको समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल अस्ट्रेलियासँग ८३ रनले



पराजित भएको हो।

अस्ट्रेलियाले दिएको १४० रनको विजयी लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा आठ विकेट गुमाएर ५६ रनमा समेटियो। नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक १८ रन जोडिन्। पूजाबाहेक अन्य नेपाली खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्। अस्ट्रेलियाका लागि जुलिटी मोर्टोन, लिली बासिङ्थवाइट र हसरत गिलले समान दुई/दुई विकेट लिए।

त्यस अघि टस जितेर पहिला ब्याटिङ रोजेको अस्ट्रेलियाले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १३९ रनको योगफल तयार गरेको थियो। अस्ट्रेलियाका लागि काइम्हे ब्रेले ३४ बलमा तीन चौका र तीन छक्काको सहयोगमा ४५ रन बनाएइन्। इलियनर लारोसाले ३९ बलमा तीन चौका प्रहार गर्दै ३१ रन बनाइन्। हसरत गिलले ३०, क्लोइ क्याथरिनले अविजित १६ र इनेस आकेओनले आठ रन बनाए।

बलिङतर्फ नेपालकी कप्तान पूजा महतोले तीन विकेट लिइन् भने सिमाना केसीले दुई र रिया शर्माले एक विकेट झारेकी थिइन्। विश्वकपमा नेपालको यो लगातार तेस्रो हार हो। नेपाल पहिलो खेलमा बङ्गलादेशसँग पाँच र दोस्रो खेलमा स्कटल्यान्डसाग एक विकेटले पराजित भएको थियो।

यो जीतसँगै अस्ट्रेलिया समूह चरणको खेलमा अपराजित रहँदै सुपर सिक्समा छनोट भएको छ। अस्ट्रेलियाले यस अघि स्कटल्यान्डलाई नौ र बङ्गलादेशलाई दुई विकेटले पराजित गरेको थियो।

## सभापति कप फूटबल भोलिदेखि

काठमाडौं, ९ माघ/रासस

नेपाली काङ्ग्रेसको भ्रातृ संस्था नेपाल लोकतान्त्रिक खेलकूद सङ्घ महाधिवेशन निर्देशन समितिको आयोजनामा सभापति कप फूटबल प्रतियोगिता भोलि बिहीवारदेखि हुँदैछ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा उद्घाटन खेलमा चर्च ब्वाइज र सङ्गटा क्लबबीच प्रतिस्पर्धा हुनेछ। नकआउट चरणमा हुने उक्त प्रतियोगितामा विभिन्न आठ टीमको सहभागिता रहनेछ। उक्त प्रतियोगितामा सहभागी टीमले तयारी राम्रो भएको बताएका छन्।